उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं ।
- स्थानीय स्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुर्‍याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
epratekdaily.com



अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ वैशाख १७ गते शनिवार // मृत भस्म नबन्दैमा भिक्लो भैकन बल्नुछ // 2022 April 30 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २४१

## नगरप्रमुखमा ३० जनाको उम्मेदवारी, एकजना मात्र महिला

प्रस, वीरगंज, १६ वैशाख/

वीरगंज महानगरपालिकाको नगरप्रमुखमा एकजना महिलाले स्वतन्त्र उम्मेदवारी दिएकी छन् । महानगरको प्रमुखमा स्वतन्त्रबाट कोशिलादेवी कनुइनले उम्मेदवारी दिएकी हुन् भने उनीबाहेक सातवटा राजनीतिक दल र २२ जना स्वतन्त्र गरी ३० जनाले उम्मेदवारी दिएका छन् ।

नगरप्रमुखमा नेकपा एमालेका तर्फबाट विजयकुमार सरावगी, जनता समाजवादी पार्टी नेपालबाट राजेशमान सिंह, नेपाल मजदूर किसान पार्टीबाट गोकर्ण कोइरी, बहुजन शक्ति पार्टीबाट लक्ष्मी हजरा, जनमत पार्टीबाट दिनेश राम, नेपाल सद्भावना पार्टीबाट विजयकुमार रौनियार र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट गिरीश गिरीले उम्मेदवारी दिएका छन् ।

दलहरूबाट यी सातजनाले उम्मेदवारी दिएका हुन् भने स्वतन्त्रबाट फिरोज आलम, बिक्कीराज पटेल, महम्मद रियाजुल हक, राजेन्द्रप्रसाद सिंह भूमिहार, सञ्जीवकुमार यादव, राधेश्याम साह, अजयकुमार कुर्मी, समसुद्दीन मियाँ, शत्रुघ्नप्रसाद कुर्मी, सुनीलकुमार कलवार, बृजमोहन चौरसिया, सुमितकुमार सिंह, जमील रायभाट, प्रभात सिंह, रोज मियाँ अन्सारी, महम्मद हफिज मियाँ, भोला पटेल, महम्मद जियाउल हक हवारी, कैलाश सर्राफ, राजेश सिंह, महम्मद सगीर अली र रिजवान अलीले उम्मेदवारी दिएका छन् ।




यसैगरी, उपप्रमुखमा दशजनाले उम्मेदवारी दिएका छन् र त्यसमा तीनजना महिला छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीबाट बिना जयसवाल, जनमतबाट अनीता देवी र स्वतन्त्रबाट रम्भा मिश्र गरी तीनजना महिलाले उम्मेदवारी दिएका हुन् । उपप्रमुखमा चारवटा दल र छजना स्वतन्त्र उम्मेदवार छन् ।

दलबाट नेपाली काङ्ग्रेसका इम्तियाज आलम, लोकतान्त्रिक समाजवादी पार्टीबाट पुरुषोत्तम झा र स्वतन्त्रबाट दीपकप्रसाद पटेल, रामबाबु महतो नुनिया, दिनेशकुमार कुशवाहा, शालिग्रामप्रसाद कानू र वीरेन्द्र साह छन् ।

## पर्सा जिल्लामा २७ हजार बढी लागूऔषध प्रयोगकर्ता

### स्वास्थ्य बीमा गराएका सङ्क्रमितले पनि उपचार पाएनन्

प्रस, वीरगंज, १६ वैशाख/

पर्सा जिल्लामा २७ हजार ३४४ जना लागूऔषध प्रयोगकर्ता रहेको र तीमध्ये एक हजार ३६५ जनाले सिरिन्जबाट तथा बाँकी २५ हजार ९७५ जनाले मुखबाट लागूऔषध प्रयोग गर्दै आएको बताइएको छ ।


तस्वीरः प्रतीक

विद्यार्थी जागरण मञ्च (विजाम)का कार्यक्रम संयोजक उषाकिरण चौधरीले शुक्रबार सरोकारवालाहरूसँगको बैठकमा सो कुराको जानकारी गराएकी हुन् ।

बैठकमा विजामका अनुगमन तथा मूल्याङ्कन अधिकृत तपेन्द्र शाहीले पर्सा जिल्लाका चौधवटा पालिकामा २७ हजार ३४४ जना लागूऔषध प्रयोगकर्ता रहेको र उनीहरूमध्ये सिरिन्जबाट लागूऔषध प्रयोग गर्नेहरूलाई मात्र विजामले निगरानीमा राखेको बताए ।

विजामले लागूऔषध प्रयोगकर्ताहरूबाट एचआइभी सङ्क्रमितको सङ्ख्यामा वृद्धि नहोस् भनेर उनीहरूलाई दैनिक सिरिन्जको व्यवस्था गरेको उनले जानकारी गराए ।

लागूऔषध प्रयोगकर्तामध्ये ३०–४० वर्ष उमेरका ८५ प्रतिशत र सोमुनि तथा सोमाथिका १५ प्रतिशत रहेको जानकारी गराइएको थियो । पर्सा जिल्ला र खासगरी वीरगंज महानगरपालिकामा लागूऔषध प्रयोगकर्ताहरूमध्ये विद्यार्थीहरूको सङ्ख्यामा अचाक्ली वृद्धि भएको उनले बताए । साथीसङ्गतबाट लागूऔषध प्रयोगकर्ताहरूको सङ्ख्या बढिरहेको र सोको नियन्त्रण गाह्रो हुँदै गएको उनले बताए ।

लागूऔषध प्रयोगकर्ताहरूबाट एचआइभी सङ्क्रमण नफैलियोस् भनेर विजामले काम गरिरहेकोले सङ्क्रमण सङ्ख्या नियन्त्रणमा रहेको उनले बताए । नारायणी अस्पतालका स्टाफ नर्स इन्चार्ज सरिता श्रेष्ठले पर्सा, बारा, रौतहट र सर्लाहीसमेत गरी एक हजार ५७५ जना एचआइभी सङ्क्रमित रहेको बताइन् । उनले एचआइभी सङ्क्रमितमध्ये सरकारको नीति अनुसार आधा जतिले स्वास्थ्य बीमा गराइसकेको बताइन् ।

नेपाल आराधनाका कार्यक्रम संयोजक अवधेशकुमार साहले स्वास्थ्य बीमा गराएका सङ्क्रमितहरूले नारायणी अस्पतालबाट सेवासुविधा नपाएको गुनासो गरे । उनले अस्पतालका चिकित्सकहरूले सङ्क्रमितहरूको उपचार नगर्ने र उनीहरूलाई अन्यत्र रेफर पनि नगर्ने आरोप लगाए । सङ्क्रमितहरूलाई रेफर गर्दा कारणसहित लेख्नुपर्नेमा चिकित्सकहरूले सो नगरी सीधा रेफर गर्ने गरेकाले रेफर हुने ठाउँमा पनि समस्या झेल्नुपरेको उनको भनाइ थियो । साहले नारायणी अस्पतालका जिम्मेवार चिकित्सकहरूले सङ्क्रमितहरूको शल्यक्रिया नगर्ने गरेको र अस्पतालबाट स्वास्थ्य बीमा गराएकाहरूलाई पनि औषधि उपलब्ध हुन नसकेको दुःखेसो पोखे ।

वीरगंज महानगरका जनस्वास्थ्य निरीक्षक सुमनचन्द ठाकुरको अध्यक्षतामा भएको बैठकमा प्रतीक दैनिकका सम्पादक शत्रुघ्न नेपाल, जिल्ला प्रहरी कार्यालय, पर्साका आशिष गुरागाई, डा नीरजकुमार सिंह, सहयात्री समाजका जटाशङ्कर साह, सानो पाइलाका राजकुमार तामाङ, विनय तामाङलगायतको सहभागिता थियो ।

## विद्युत् आपूर्ति नियमित नहुँदा अक्सिजन उत्पादन प्रभावित

प्रस, वीरगंज, १६ वैशाख/

विद्युत् आपूर्ति नियमित नहुँदा अक्सिजन उत्पादन प्रभावित भएको छ । नेपाल अक्सिजन प्रालि, परवानीपुरका सञ्चालक अबुलहैस अन्सारीले विगत तीन दिनदेखि विद्युत् आपूर्ति सहज नभएको कारण उत्पादन ठप्प भएको बताए । उनले विद्युत् आपूर्ति सहज नहुँदा उत्पादन बन्द भएको र अक्सिजनको समस्या हुने भन्दै पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, नेपाल विद्युत् प्राधिकरण, वीरगंज वितरण केन्द्रका प्रमुख जीतेन्द्रकुमार झाको ध्यानाकर्षण गराएको तर समस्याको समाधान नभएको बताए ।


तस्वीरः फाइल

उनले परवानीपुरमा दुईवटा हिमाल र नेशनल अक्सिजन प्रालि तथा गण्डकमा मधु अक्सिजन गरी तीनवटा रहेको र तीनवटा उद्योगकै उत्पादन ठप्प भएको बताए ।

वीरगंज महानगरपालिकामा साना/ठूला डेढ दर्जनभन्दा बढी अस्पतालहरू छन् र दैनिक ४७ लिटर क्षमताको छ सयवटा सिलिन्डरको खपत छ । गर्मीयाममा अक्सिजनको माग बढ्ने गरेको तर विद्युत् आपूर्ति सहज नहुँदा उत्पादन ठप्प भएर समस्या आउन सक्ने उनले चेतावनी दिए ।

## शुद्ध सतुवा हातोहात

प्रस, वीरगंज, १६ वैशाख/

रोजगारको लागि स्वदेशमैं थुप्रै अवसर छन् । विदेशमा गएर सानोभन्दा सानो काम गर्न सक्ने तर स्वदेशमैं भएका अवसरलाई नचिन्दा वैदेशिक रोजगारमा जानेहरूको भीड बढेको छ । पर्सा जिल्ला, जगरनाथपुर गाउँपालिकाका सुनील साह अहिले वैदेशिक रोजगारमा जाने युवाहरूको लागि उदाहरण बनेका छन् ।


मोटरसाइकलमा कुटानी मेशिन राखेर सतुवा बेच्दै सुनील साह । तस्वीरः प्रतीक

साहले ४५ हजारमा कुटानी गर्ने मेशिन खरीद गरेका छन् र आफ्नो पुरानो मोटरसाइकलमा मेशिन र भुटेको चना राखेर घरघरमा चनाको सतुवा बिक्री गर्दै हिँडेका छन् । उनले घरघरमा दैनिक पचास किलो चना बिक्री गरिरहेको बताए । उनले चना खरीद गरी भुटेर राखेको चना घरघर गई ग्राहकको सामुन्ने पिसेर हातोहात रु २२० प्रतिकिलोमा बिक्री गरिरहेका छन् । गर्मीमा पर्सा जिल्लामा सतुवाको माग बढी हुन्छ । अहिले उनलाई वीरगंजमैं भ्याइनभ्याइ छ । डेढ साताअघिदेखि उनले यो रोजगार शुरु गरेका हुन् ।

घरघरमा गएर हातोहात शुद्ध चनाको सतुवा पिसेर दिंदा मानिसहरू मिसावटबाट जोगिएको र शुद्धताको कारण सहज खरीद गर्दै आएको साहले बताए । बजारमा पाइने सतुवामा मिसावट हुने गरेकाले आफूले यसरी बिक्री गर्दा मानिसहरू विश्वस्त भएर खरीद गर्ने गरेको र यस्तो गर्दा आफ्नो रोजगार पनि चलेको उनको भनाइ छ ।

## आन्दोलनमा सरकारले हस्तक्षेप गरे हतियार उठाउने चेतावनी

प्रस, रौतहट, १६ वैशाख/

नेकपा क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य सिपी गजुरेलले शान्तिपूर्ण आन्दोलनलाई सरकारले हस्तक्षेप गर्‍यो भने हतियार उठाउने बताएका छन् ।



तस्वीरः प्रतीक

नेपाल पत्रकार महासङ्घ, रौतहटको सभाकक्षमा आयोजित पत्रकार सम्मेलनमा उनले सो कुरा बताउँदै हाम्रो पार्टीले शान्तिपूर्ण आन्दोलनको माध्यमबाट व्यवस्था तथा अवस्था परिवर्तन गर्ने उद्देश्य राखेको बताए ।

शान्तिपूर्ण आन्दोलन गर्ने अधिकार अहिले खोसिएको छैन, हामीले अहिले शान्तिपूर्ण आन्दोलन अन्तर्गत स्थानीय निर्वाचनलाई बहिष्कार गरेका छौं, उनले बताए ।

अहिले सचेत नेपालीको चिन्ताको विषय कहीं नेपाल असफल राष्ट्र हुने त होइन भन्ने रहेको उनले जिकिर गरे । नेपालको सूचकाङ्क हेर्ने हो भने सबै नकारात्मक छ । सरकारी आँकडा अनुसार विदेशी मुद्रा छ महीनासम्मको आयात धान्न सक्नेछ, उनले भने ।

विदेशी मुद्रा रित्तिएपछि श्रीलङ्काको अवस्था हुने हो कि भन्ने चिन्ता जनतामा बढेको उनले बताए ।

देश असफल हुने दिशामा गइरहेकोमा सोको ठूलो कारक ठूला दलका नेताहरू रहेको उनले आरोप लगाए । प्राकृतिक सम्पदाको धनी देश नेपालको अवस्था दयनीय हुनुमा व्यवस्था बदलिए पनि अवस्था नबदलिएकोले भएको उदाहरणसहित उनले उल्लेख गरे ।

जनताले चाहेको खण्डमा आमूल परिवर्तन हुन्छ, त्यसपछि देश समृद्धितर्फ हुने उनले बताए ।

निर्वाचनमा 'नो भोट'को व्यवस्था नगरिएकोप्रति आपत्ति जनाउँदै स्थायी समिति सदस्य गजुरेलले सर्वोच्च अदालतले नौ वर्ष पहिले नो भोटको व्यवस्था गर्न फैसला गरे पनि लागू नभएको बताए ।

सरकारमा रहेका दलहरूले डराएर नो भोटको व्यवस्था नगरेको आरोप उनको थियो ।

बहुमतको सरकार बन्छ तर नो भोटको बहुमत आयो भने सरकार कसरी बनाउने भन्ने डरले नेताहरू नो भोटको विपक्षमा रहेको आरोप लगाए ।

२०५२ सालमा जनयुद्ध सुरुआत गर्दा जनगणतन्त्रको परिकल्पना गरिएको थियो तर पछि गएर सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा नेकपा माओवादीका अध्यक्ष प्रचण्ड र बाबुराम भट्टराई साक्षी बने, उनले भने ।

उनले लोकतन्त्रमा सबैको अधिकार बराबर हुन्छ तर अहिले गठबन्धनको नाममा पाँच दलले धेरैको चुनाव लड्ने अधिकार खोसेको छ बताए ।

**घडेरी बिक्रीमा**

जीतपुरसिमरा उपमहानगरपालिका, नरबस्ती (साबिकः पिपरासिमरा वडा नं. २, घ) कित्ता नं. ४०७ को मोहोडा २५ फिट (पूर्व–पश्चिम) लम्बाई ६० फिट (उत्तर–दक्षिण) भएको ८ धुर को घडेरी तुरुन्त बिक्रीमा छ ।

सम्पर्क नं.: ९८५११२५३२७ /९८४५०३३३२५ / **९८५५०२४७५६ (राम सर)**

**जग्गा बिक्रीमा**

बारा जिल्ला, कलैया उपमहानगरपालिका–९ बघवननजीकै १५० फिटभन्दा बढी मोहडा भएको १५ कट्ठा जग्गा घडेरी वा व्यापार प्रयोजनको लागि बिक्रीमा छ ।

**सम्पर्क नं.: ९८५१३२३५४३**

## विचारसार र सूक्तिहरू

**दु:खीलाई दया दर्शाउनु मानवोचित हो। उसको दु:खको निवारण गर्नु देवोचित्त हो।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# उम्मेदवार थरीथरीका

**वैशाख ३० गते सम्पन्न हुने स्थानीय तहको निर्वाचनमा मुख्यत: दुई किसिमका उम्मेदवार छन् । पहिलो, पार्टीका उम्मेदवार र दोस्रो स्वतन्त्र उम्मेदवार । स्वतन्त्र उम्मेदवारमा पनि तीन किसिमका उम्मेदवार छन् । पहिलो, वास्तविक स्वतन्त्र उम्मेदवार, दोस्रो बागी स्वतन्त्र उम्मेदवार र तेस्रोमा सहयोगी स्वतन्त्र उम्मेदवार । स्थानीय तहमा पार्टीगत उम्मेदवार नभई स्वतन्त्र उम्मेद्वार हुनुपर्ने वास्तविक स्वतन्त्र उम्मेदवार पक्षको तर्क छ । सङ्घ र प्रदेशमा पार्टी पक्षीय उम्मेदवार भएपनि स्थानीय तहको उम्मेदवार तथा निर्वाचन निर्दलीय हुनुपर्ने उनीहरूको धारणा हो। राजनीतिक खिंचातानीकै कारण स्थानीयस्तरमा विकास निर्माण प्रभावति भएको उनीहरूको तर्क छ । दलगत आधारमा नभई उम्मेदवारको योग्यता, लगनशीलता, इमानदारिता तथा स्थानीय विकास निर्माणमा नेतृत्व वहन गर्न सक्ने क्षमतालाई मूल्याङ्कन गरेर मतदान गर्नु पर्ने स्वतन्त्र पक्षधरले उठाउँदै आएको मुद्दा हो ।**

**बागी स्वतन्त्र उम्मेद्ववार: जसरी पनि आफूले टिकट पाउनुपर्ने दौडमा लागेकाहरूले पार्टीको टिकट नपाएपछि स्वतन्त्र बनेका हुन् । कतिपय स्थानमा यस्ता उम्मेदवारको अवस्था पार्टीको भन्दा मजबूत छ भने कतिपय स्थानमा नाम मात्रको स्वतन्त्र उम्मेदवारहरू छन् । उनीहरूको मुख्य लक्ष्य आफ्नै पार्टीको आधिकारिक उम्मेदवारलाई हराउनु हो। पार्टीका उम्मेदवारको पराजितमा नै उनीहरू आफ्नो जीत सम्झन्छन् । स्वतन्त्र उम्मेदवारमध्ये अर्को सहयोगी उम्मेदवार हो। यस किसिमका उम्मेदवारको चाहना, जसरी पनि पार्टीका उम्मेदवारलाई जिताउनु हो। सहयोगी स्वतन्त्र उम्मेदवार मिलीभगतमा खडा गरिन्छ । एउटै पार्टीका धेरैजनाले उम्मेदवारी दिनुको मुख्य उद्देश्य चुनाव प्रचारप्रसारको मैदान, मतदान स्थल र गणना स्थलमा पनि एउटै पक्षका धेरैजना प्रतिनिधि प्रवेश गराउनु हो। उम्मेदवारको चुनावी खर्चको दायरा तोकिदिएको छ । यसरी दायरा तोकिदाभन्दा बढी नै खर्च हुने अनुमान छ। यो अवस्थामा आचारसंहिता छलेर बढी खर्च गर्नका लागि आधिकारिक उम्मेदवारकै प्यानलबाट स्वतन्त्र उम्मेदवार उठाइएको छ । यसोगर्दा स्वतन्त्र उम्मेदवारको नामबाट पनि सवारी सञ्चालनलगायतका कार्यहरू गर्न सकिन्छ। त्यसैगरी, मतदानस्थलमा एउटै पार्टी पक्षधर प्रतिनिधिहरू स्वतन्त्र उम्मेदवारको प्रतिनिधित्व गरेर पोलिङ एजेन्ट बस्न पाइन्छ । यसरी एउटै पार्टी पक्षधर मानिस बुथमा धेरैजना रहँदा मतदाता प्रभावित हुनेछन्। यसका साथै गणनास्थलमा पनि एउटै पक्षधर धेरै प्रतिनिधि रहँदा उनीहरू आफूलाई मजबूत महसूस गर्नेछन् र कतिपय निर्णय लिनुपर्दा पनि बहुमत पुग्नेछ ।**

**जहाँ एउटै पक्षधरले मिलेमतोमा धेरैजना स्वतन्त्र उम्मेदवार खडा गर्छ, त्यहाँ गलत मानसिकताले घर जनमाउन खोजिरहेको छ भन्ने तर्फ सरोकारावाला पक्ष सचेत हुनुपर्छ। मतदानलाई प्रभावित पार्नका लागि उम्मेदवार तथा राजनीतिक दलहरूले विभिन्न किसिमका युक्ति लगाइरहेका हुन्छन्। मनोनयन दर्ताको दिन देखाइने भीडभाड तथा जुलुस पनि यस्तै किसिमको एउटा युक्ति हो । जसले ठूलो जुलुस निकाल्न सक्यो, उही ठूलो रहेछ भन्ने भ्रम मतदातामा छर्नका लागि मनोनयन दर्ताको दिन सक्दो खर्च गरेर जुलुस निकाल्ने परम्परा नै बस्न थालिसकेको छ । यसले अनावश्यक खर्च गराउने, भ्रम छर्ने, हुलमुलले भयको वातावरण सृजना गर्ने हुँदा आउँदा चुनावहरूमा मनोनयनमा सहभागी सङ्ख्यासमेत कानूनमा नै तोकेर सिमित गर्नुपर्ने देखिन्छ ।**

# संसदीय राजनीति- 'स्वार्थ मिल्दा हाई-हाई नमिल्दा बाई-बाई

स्वतन्त्र विचार




बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**त्यति बेलाको चुनावी घोषणापत्रमा जनतासँग के-के वाचा गरेका थिए ? यस्ता कुरा अहिले जीतको अथवा हारको प्रमुख कारण हुनुपर्नेमा त्यसतर्फ जनतामा कुनै चर्चा, परिचर्चा छैन । चर्चा केवल फलानो ठीक फलानो बेठीक, सबै उस्तै भन्ने कुरामा केन्द्रित रहेका देखिन्छन् ।**

प्रजातन्त्र भनेको प्रजाद्वारा प्रजाको लागि प्रजाको शासन हो। तर यो भनाइ केवल भनाइमा मात्रै सीमित रहन गएको देखिन्छ । औपचारिकरूपमा मतदान चुनाव र चुनिने प्रक्रियालाई प्रजातन्त्रको यस परिभाषाभित्र समेटिन खोजेको भए तापनि वास्तवमा यसबाट प्रजा लाभान्वित हुने कतै कुनै अवस्था देखिंदैन। कारण आजको निर्वाचन आर्थिक हिसाबले यति धेरै महँगो बनाइदिइएको छ कि प्रजा केवल थेगोको रूपमा मात्रै स्थापित हुन पुगेको छ, जबकि सम्पूर्ण निर्वाचनीय भूमिका पैसाले मात्रै खेल्ने गरेको देखिन्छ।

नेपालको राजनीतिमा आजसम्म कुनै पनि प्रधानमन्त्रीले आफ्नो सम्पूर्ण कार्यकाल बिताउन पाएको देखिंदैन । शासन राजतन्त्र होस् वा प्रजातन्त्र अथवा सङ्घीय लोकतान्त्रिक गणतन्त्र । कुनै बेला पनि आजसम्म नेपाली राजनीतिमा कसैको पनि सरकार पूर्ण कार्यकाल चलेको देखिन्न । अल्पमतको सरकार होस् वा बहुमतको वा मिलीजुली अथवा दुई-तिहाईकै सरकार किन नहोस्। कुनै पनि सरकार पाँच वर्ष चलेको छैन । नेपाली राजनीतिमा विदेशी प्रभाव यति धेरै बलियो छ कि त्यसले गर्दा नेताहरू सत्ता पाउन कुनै न कुनै शक्ति केन्द्रसँग आन्तरिकरूपमा साँठगाँठ गरेकै हुन्छ । त्यही विदेशी शक्तिले नेपाली राजनीतिलाई स्थिर रहन दिंदैन । अस्थिरताभित्र ब्रह्मलुट मचाउन सजिलो हुने भएकोले अहिलेसम्म नेपाली राजनीति अर्धउपनिवेशिक अवस्थाबाट मुक्त हुन सकेको छैन।

नेपाली राजनीतिको वर्तमान चरण अर्थात् सङ्घीय लोकतान्त्रिक गणतन्त्र सैद्धान्तिक र नैतिक मूल्यहीनताको अवस्थामा आइसकेको कुरा प्रस्ट देख्न सकिन्छ। नयाँ संविधान अनुसार स्थानीय निकायको यो दोस्रो निर्वाचन हो। पाँच वर्षकै अवधिमा जनप्रतिनिधिहरू यतिधेरै भ्रष्ट भइसकेका छन् कि उनीहरूको लागि यति बेला पार्टी र सिद्धान्तको कुनै अर्थ नै छैन। संसद्मा रहेका सम्पूर्ण तथाकथित दक्षिणपन्थी प्रजातान्त्रिक पार्टी तथा वामपन्थी पार्टीसमेतको कुनै मौलिक सिद्धान्त नरहेको देखिन थालेको छ । हिजोसम्म नेपाली काङ्ग्रेसलाई र राप्रपालाई प्रमुख शत्रुको रूपमा व्याख्या विश्लेषण गर्ने महान् तथा मूलधारका भनिएका कम्युनिस्ट पार्टीहरू माओवादी केन्द्र तथा नेकपा एमाले चुनावका लागि उनीहरूसँग गठबन्धन बनाएर हिंडेको देख्दा यिनीहरूको चुनावी घोषणापत्र तथा पार्टीको मूल्य मान्यता हात्तीको देखाउने दाँतबाहेक केही पनि रहेन छ भन्ने कुरा प्रमाणित नै भइसकेको छ । वास्तवमा प्रजातान्त्रिक भने पनि, गणतान्त्रिक भने पनि अर्थात् काङ्ग्रेसीहरू भने पनि कम्युनिस्टहरू भने पनि उनीहरू दुवै जनतालाई भ्रमित पार्न आआफ्नो झन्डा र नाम फरक राखेका छन्। यिनीहरूको काम कारबाई सम्पूर्णरूपमा एक रूप छ। दुवैथरीको काम जनतामा करको बोझ बढाउँदै लग्ने, विदेशी ऋण, अनुदान र सहयोगको रकमबाट भ्रष्टाचार गरी गराई मोजमस्ती गर्ने र देशलाई निरन्तर परनिर्भर बनाउँदै झन्झन् गरीबीको दिशामा अगाडि बढ्ने तर समाजवादको नारा चाहिं नछोड्ने जस्ता षड्यन्त्रमूलक राजनीतिक कार्ययोजनामा सम्पूर्ण संसद्वादी दल अगाडि बढेको छ भन्दा अन्यथा नहोला।

यति बेला स्थानीय निर्वाचनको उम्मेदवारको नोमिनेशनको मुखमा देशभरि एउटै चर्चा छ। त्यो के भने फलानो पार्टीबाट मेयर पदको टिकट फलानोले नै हात पार्नेछ। कारण उसले यति लाख वा करोड नेताहरूलाई बुझाएको छ। पार्टीभित्र दशकौंदेखि झोला बोकेर हिंडेका इमानदार गरीब कार्यकर्ताहरू सबै बाध्य छन्, सबै पार्टीमा नवप्रवेशी धनाढ्य माफियाहरूको चुनावी प्रचारप्रसार गर्न। पार्टीलाई अब पुरानो इमानदार, त्यागी, बलिदान दिने कार्यकर्ता चाहिएकै छैन, कमसेकम निर्वाचन लड्ने मामिलामा। प्रत्येक राजनीतिक पार्टीको रोजाइ जित्न सक्ने अर्थात् चुनावमा करोडौं रुपियाँ खर्च गर्न सक्ने उम्मेदवार हो। सबैले बुझेकै कुरा हो कि चुनावमा करोडौं रुपियाँ खर्च गर्ने क्षमता माफिया, तस्कर, भ्रष्टाचारी, अपराधी, फटाहाबाहेक अरू कसैको हुनै सक्दैन । त्यसैले पार्टीहरू जित्न सक्ने उम्मेदवारको खोजीमा छन् भने माफिया, तस्कर, फटाहा, अपराधीहरू ठूल्ठूला पार्टीमा प्रवेश गरेर आफ्नो जीत सुनिश्चित पार्ने दाउमा लागिसकेका छन्।

यसरी पाँच वर्ष अगाडि अर्कै पार्टीबाट चुनाव जितेका जनप्रतिनिधिहरू यसपालि लाजै नमानी पार्टी परिवर्तन गरेका छन्। पार्टीहरूभित्र हावी रहेको भ्रष्टीकरण र माफियागिरीले गर्दा संसदीय पार्टीहरूको जनाधार कमजोर भएको छ। एउटा माफियालाई हराउन अर्को माफियाको पाँच दलीय गठबन्धन नै बनेको छ। यस्तो गठबन्धनले आपसी तालमेल गर्दा पाँचवटा पार्टीमध्ये कुनै एक पार्टीले मात्रै मेयर पद पाउने भएपछि बाँकीका चार पार्टीका नेता, कार्यकर्ता प्रतिपक्षी पार्टीसँग भित्रीरूपमा बिक्री हुने वा आक्रोश पोख्न आफ्नो मत अरूलाई हालेर अन्तर्घात गर्ने सम्भावना पनि उत्तिकै देखिएको छ। त्यसैले यसपालिको निर्वाचनमा पनि प्रमुख कुरा जीतहारको निर्णायक शक्ति पैसा नै रहने निश्चित छ।

एक कार्यकाल स्थानीय निकायमा बिताइसकेकाहरूले आफ्नो पालामा विकास निर्माणका के-के काम गरे ? त्यति बेलाको चुनावी घोषणापत्रमा जनतासँग के-के वाचा गरेका थिए ? यस्ता कुरा अहिले जीतको अथवा हारको प्रमुख कारण हुनुपर्नेमा त्यसतर्फ जनतामा कुनै चर्चा, परिचर्चा छैन। चर्चा केवल फलानो ठीक फलानो बेठीक, सबै उस्तै भन्ने कुरामा केन्द्रित रहेका देखिन्छन्।

पर्वते समाजमा एउटा उखान छ- जुन थालमा खायो त्त्यसमा प्वाल पार्नु हुन्न। यो उखान यतिबेला पूरै फेल भएको छ । हिजो जुन पार्टीबाट टिकट पाएर जित्यो, करोडौं कमाउने अवसर पायो आज त्यो पार्टी छोडेर अर्को पार्टीमा त्यही पदको सुनिश्चितताको लागि प्रवेश गर्दा हिजोको पार्टीलाई सत्तोसराप गर्न कुनै कसर बाँकी राखेको देखिंदैन । हिजोसम्म जुन पार्टीलाई सार्वजनिक रूपमा सत्तोसराप गर्थ्यो तर आज त्यस पार्टीमा प्रवेश गर्नेबित्तिकै सबैभन्दा गुनी र असल नेपालमा कुनै पार्टी छ भने त्यो उसले प्रवेश गरेकै पार्टी हो भनेर भाषण छाँटन रत्ति लाज मान्दैन। स्थानीय युवा तथा जनसमुदायले पालिकाहरूसँग हिसाब खोज्न र भ्रष्टाचारको पर्दाफाश गर्न अहिले जरूरी छ । जनप्रतिनिधिको नाममा हिजोसम्म यी फटाहा, भ्रष्टहरूले लुटेकै हो र भोलि फेरि लुट्ने नै हो। त्यसैले त डाँकाहरूको कुनै जात हुँदैन। फटाहाहरूको कुनै पार्टी हुँदैन। जता देख्यो लुट्ने अवसर उतै ढल्किहाल्छन् । वर्तमान संसदीय राजनीति भनेकै स्वार्थ मिल्दासम्म हाई-हाई नमिल्दा बाई-बाई गर्ने माफिया जमातहरूको भएकोले यस्तो निर्वाचन बहिष्कार गर्नुपर्छ। यसले देशमा भ्रष्टाचार बढाउने र जनतालाई कङ्गाल बनाउनेबाहेक अरू केही गर्दैन।

# आगलागीपीडित परिवारलाई गाँसबासको समस्या

सर्लाही, १६ बैशाख/रासस

सर्लाहीको धनकौलमा केही साताअघि भएको आगलागीका पीडित परिवारलाई गाँसबासको समस्या भएको छ। धनकौल गाउँपालिका-५ हरकठवाका १३ विपन्न पासवान समुदायको परिवारमा दैनिक गुजारा र सुरक्षित बासको समस्या परेको हो।

देशव्यापी स्थानीय निकायको निर्वाचनको चहलपहल चलिरहँदा आगलागीबाट घरविहीन भएका परिवारप्रति कसैको चासो पुगेको देखिंदैन। आगलागीबाट घरबास गुमाएका पासवान परिवार त्रिपालमुनि रात बिताउन बाध्य छन् । जिल्लास्थित राजनीतिक दलहरू तथा तिनका कुनै पनि नेताहरूको ध्यान पुगेको छैन । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले केही खाद्यान्न र गाउँपालिकाले दिएको एक थान त्रिपालको भरमा गुजारा चलाउनुपरेको आगलागी पीडितको गुनासो छ।

दैनिक ज्याला मजदूरी गरेर परिवार पाल्दै आएको आफूहरू आगलागीपछि खुला आकाशमुनि आइपुगेको स्थानीय रवि पासवानले बताए । उनका अनुसार हरकठवाका १३ विपन्न पासवान परिवारको बिचल्ली अवस्था रहेको छ । आफूसँग भएका अन्नपात, लत्ताकपडा र फुसको झुपडी जलेर खरानी भएपछि दैनिकी चलाउनसमेत मुस्किल परिरहेको पीडित लीलावतीदेवी पासवानले गुनासो गरे।

त्रिपाल टाँगेर बस्दै आएका उनीहरू बर्खायाम शुरू हुन लागेकोले थप चिन्तित बनेका छन्। "घर खरानी भयो" पीडित लीलावतीले भनिन्, "हामी दैनिक ज्याला मजदूरी गरेर जसोतसो परिवार पालिरहेका छौं। अब कसरी घर बनाउनु ? वर्षात्को समय आउन लाग्यो। यसरी त्रिपालमुनि लालाबाला कसरी जोगाउनु ?"

देशभर निर्वाचनको चहलपहल शुरू भएको अवस्थामा आफूहरूलाई बिहान, बेलुका के खाने चिन्ता भएको पीडितको गुनासो छ । गगनदेव पासवानले भने, "नेता फेरि मत माग्न आउने होलान्, आफूहरूको दु:खमा कोही आएनन्, अब मत किन दिनु लाग्न थालिसक्यो ।" उनीहरूलाई वर्षात्को समय आउन लागेकोले परिवारलाई कसरी जोगाउने भन्ने चिन्ता बढ्दै गएको छ।

पालमुनि बसेर दैनिकी कटाउन मुस्किल परेको आगलागीपीडितको गुनासो छ । आगलागीबाट प्रदीप पासवान, रामवली पासवान, जवाहिर पासवान, शीतल पासवान, बिकाउ पासवान, जितन पासवान, रामविश्वास पासवान, गगनदेव पासवान, नन्दकिशोर पासवान, सरफलाल पासवान, राकेश साह, रामनाथ पासवान र मचिन्दर पासवानको घर पूर्णरूपमा जलेर नष्ट भएको धनकौल-५ का वडाध्यक्ष गजेन्द्र महतोले जानकारी दिए।

अग्निपीडितका सामु दैनिक गुजारा चलाउनेदेखि पुनर्बासको ठूलो समस्या देखिएको र गाउँपालिकाले खाद्यान्न तथा त्रिपाल वितरण गरी सहयोग गरिसकेकोले थप सहयोग गर्न नसकिने धनकौल गाउँपालिकाका अध्यक्ष रामआश्रय साहले बताए। उनका अनुसार गाउँपालिकाले आगलागीबाट घरवारविहीन भएका परिवारलाई प्रतिपरिवार २५ किलो चामल, दाल, चिउरा, तेल, ग्याँस सिलिन्डर र चुलो तथा केही भाँडा सहयोग गरेको छ । "उनीहरूलाई तत्कालका लागि कम्बल र त्रिपालसमेत वितरण गरिसकेका छौं," साहले भने । उनले घरखर्चबापत प्रतिपरिवार रु पाँच हजारका दरले नगदसमेत दिएको बताए।

गाउँपालिकासँग विपद् व्यवस्थापन कोषमा धेरै रकम नभएकोले थप सहयोग गर्न असमर्थ रहेको साहले बताए । आगलागीपीडितहरूको दीर्घकालीन व्यवस्थापनमा पालिका आफैं लाग्नुपर्ने सर्लाहीका प्रमुख जिल्ला अधिकारी एवं विपद् व्यवस्थापन समितिका संयोजक थानेश्वर गौतमले बताए । "जिल्लास्थित व्यवस्थापन समितिसँग उनीहरूलाई घरबास व्यवस्थापन, सुरक्षित गर्ने योजना र बजेट हुँदैन, गाउँपालिका आफैं सरकार हो, उसले व्यवस्थापन गर्नुपर्छ," उनले भने।

उनका अनुसार अन्य दातृ सङ्घ/संस्थासँगको सहयोगमा खाद्यान्न, लत्ताकपडासमेत वितरण गरिएको छ। वर्षात्को समय शुरू हुन लागेकाले आगलागीपीडितलाई समयमैं सुरक्षित आवासमा फर्काउन स्थानीय सरकारले नै पहल गर्नुपर्ने प्रजिअ गौतमले बताए।

# हेटौंडामा बर्डफ्लू, तीन हजार ४५३ कुखुरा नष्ट

वाग्मती, १६ वैशाख/रासस

वाग्मती प्रदेशको राजधानी हेटौंडाको एक कुखुरा फार्ममा बर्डफ्लू भेटिएको पुष्टि भएपछि शुक्रवार त्यहाँको तीन हजार ४५३ कुखुरा, ५८० अन्डा र ५० किलो दाना नष्ट गरिएको छ।

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, मकवानपुरका अनुसार हेटौंडा उपमहानगरपालिका-७ नागस्वतीस्थित व्यवसायी राजन खतिवडाको आदर्श कुखुरा फार्ममा बर्डफ्लू भेटिएपछि प्राविधिकसहितको टोली खटाएर उक्त परिमाणको कुखुरा, अन्डा र दाना नष्ट गरिएको हो । कुखुरा फार्ममा रहेका चार हजार कुखुरामध्ये सयौं सङ्ख्यामा कुखुरा मरेपछि शङ्का लागेर वैशाख ९ गते कुखुराको नमूना पशु विभाग काठमाडौं पठाइएको र सात दिनपछि बिहीवार बर्डफ्लू प्रमाणित भएको रिपोर्टको आधारमा कुखुरा नष्ट गरिएको केन्द्रका प्रमुख डा ब्रजकिशोर ठाकुरले जानकारी दिए।

उनका अनुसार आदर्श पोल्ट्री फार्ममा रहेका कुखुरासँगै छिमेकमा रहेका अन्य पोल्ट्री फार्मको नमूना जाँच गर्दा रिपोर्ट पोजेटिभ आएको हो। रिपोर्ट पोजेटिभ आएपछि जिल्ला प्रशासन कार्यालयमा बिहीवार बैठक गरी बर्डफ्लू प्रमाणित भएको फार्मका कुखुरा नष्ट गर्न टोली पठाइएको मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैरेले बताए।

पशुपक्षी तथा मत्स्य निर्देशनालय, हेटौंडाका निर्देशक गोपालप्रसाद साहले बर्डफ्लू नियन्त्रण नियमावली अनुसार बर्डफ्लू भएको स्थानमा नियन्त्रण तथा नियमन गरिने र कानूनी प्रावधान अनुसार किसानलाई राहत उपलब्ध गराउने बताए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अैले चैं म कुन पार्टीको रे ?

व्यङ्ग्य



सञ्जय मित्र
mitrasanjay41@gmail.com

**राजनीतिमा पार्टी परिवर्तनको जुगमा छौं । जस्ले जता जस्सरी सुविधा पाउँछ, पार्टी परिवर्तन गरे हुन्छ । मलाई त पार्टी परिवर्तन गर्नै पर्दैन । माननीयज्यूको पार्टी परिवर्तन भयो कि छायाजस्तै स्वतः परिवर्तन भइहाल्छु ।**

आजभोलि मजस्तो पिएलाई हैरान छ । मजस्तो भन्नाले कुनै विशेष अर्थ दिंदैन भने सोझै माननीयज्यूले नियुक्त गरेको पिए बुझ्नुपर्छ । उसो त पिएको कुनै भ्याकेन्सी भएको थाहा छैन । पिए नियुक्त भएपछि खै के मनमा आएर हो, एकचोटी पिए सेवा आयोगको बेब्साइट खोलेर पिएको पाठ्येक्रम र योग्यता जान्न खोज्या थें तर पढेलेखेको भए पो था पाउनु । उत्लिखेरै मनमा एउटा भावना प्रादुर्भाव भो – पढ्या–लेख्या मनुवाका लागि लोक्सेवा आयोग त छँदैछ नि । हाम्लाई पो खाँचो हुन्छ त माननीयज्यूहरूको ।

पिए सेवाको जागीर केही पढ्या लेख्या मनुवाहरूले नै बिगारेका हुन् । पढेर लेखेर ज्ञान आर्जन गरेर इमानदार हुनु, कर्तव्यनिष्ट हुनु र पढाइलेखाइको इज्जत राख्नु कता हो कता, हाम्जस्ताले गर्ने पिएको नोकरी पनि गर्छन् ।

पिएको नोकरी गज्जबको छ । न स्थायी न अस्थायी । मन मिलेसम्म गर्न पाइने सरकारी नोकरी यही हो । सरकारले दिएको पैसा पिएले तलब पाउने भएकोले सरकारी नोकरी भन्दा अत्युक्ति नहोला ।

म श्रीमान् हुँ र मेरी श्रीमती मेरो मालिक । भन्नुको तात्पर्य म आफ्नै श्रीमतीकै पिए हुँ । अलिकति होशियार केटी हेरेर पैलै बुद्धि पुऱ्याई बिहे गर्दा एस्तै फाइदा हुने रेछ ।

अैले जमाना छ समानुपातिक समावेशीको । मेरी श्रीमती एही योग्यताका कारण माननीय बनेकी हो र म माननीयज्यूको पिए हुनुमा माननीयज्यूको आज्ञाकारी र अनुशासित पति हुनु पनि हो । म पैलेदेखि यति योग्य अवश्य थिएँ कि पत्नीजीको अगाडि चूँसम्म बोल्दिनँथे । मेरो यही योग्यताले पत्नीजीको मनमा नेताइन बन्न मलजल गरेको हो । कैलेकाहीं मलाई झर्केर गर्ने गाली र चाडपर्वमा एक दुई थप्पड खाँदा पनि केइ नबोल्न नसक्ने मेरो पुरुषार्थले मेरो योग्यता प्रमाणित गरेको हो ।

राजनीतिमा पार्टी परिवर्तनको जुगमा छौं । जस्ले जता जस्सरी सुविधा पाउँछ, पार्टी परिवर्तन गरे हुन्छ । मलाई त पार्टी परिवर्तन गर्नै पर्दैन । माननीयज्यूको पार्टी परिवर्तन भयो कि छायाजस्तै स्वतः परिवर्तन भइहाल्छु ।

मेरो एक छिमेकी छ पिए । ऊ मेरो भाइ हो । मैले नै सोर्स लगाएर उस्लाई पिए बनाइदिएको हुँ । भन्न त मैले आफ्नै भाइ भनेको छु तर मेरो भाइसाइ केइ पनि होइन । रातबिरात म उस्को घर जान्छु र रातबिरात मेरो घर पनि आउँछ ऊ । आज मेरो माननीयज्यूको कतै कुनै कार्यक्रम छैन र संयोगले भाइ पनि घरैमा छ । बार्दलीमा आँखा जुध्छ ।




म : आइँ, तँ आज घरै ?

ऊ : तिम्रो माननीयज्यू घरमैं हो ?

म : माननीयज्यूले मेरो जुठो भाँडो माझिसक्नु भयो । मैले नुहाएको कट्टु धुँदै हुनुहुन्छ । माननीयज्यूलाई रेडी हुन एक घन्टा लागिहाल्छ । अँ, तिम्रो माननीयज्यूलाई सञ्चो भएन कि ?

ऊ : कैले बिसञ्चो होला र छुट्टी पाऊँला भन्ने लागिरहन्छ ।

म : तँ आज घरैमा हो ?

ऊ : किन घरमा नदेखिएर म अन्तै देखिराछु ? मेरो यो बरन्डा तिम्लाई कतै बाहिर देखिया छ ?

म : अरे गधा, मैले जान्न खोजेको आज तिमी किन घरमैं ?

ऊ : म आफ्नो घराँ नभएर तिम्रो घराँ हुनुपर्ने हो ?

म : तिम्रो माननीयज्यू कहाँ जानुभएको छ ?

ऊ : उहाँ आफ्नै घराँ र म आफ्नै घराँ ।

म : किन ?

ऊ : आज दुई पार्टीका सरदारहरू आउने रे । दुई पार्टीले मेरो माननीयज्यूलाई अफर गरिरहेका छन् । कुन पार्टीले बढी बोली लगाउने हो ? उतैतिर जान सजिलो हुन्छ, त्यहीं भएर फोन नगरेसम्म म घरमैं बस्नुपर्ने हो तयारी भएर । फोन बज्यो कि कुद्यो ।

म : तिम्रो माननीयज्यूको डाँक बढाबढमा जल्ले बढी दाम लगाउँछ, उतै जाने हो ?

ऊ : मेरो माननीयज्यूलाई हेप्छस् ? पिएको कट्टु धुने तिम्रो माननीयजस्तो भन्ठान्यौ कि के हो ?

म : जे भए नि घरको कुरो घरमैं छ । तेरो माननीयज्यूलाई जुन दलले बढी चिल्लो दल्छ, त्यतै लच्किने हो कि होइन ?

ऊ : राजनीतिमा लागेपछि पद, पैसा र हैसियत चाहिन्छ । जल्ले दिन्छ त्याँ आफैं सम्मान आइहाल्छ नि । अैलेसम्म सप्पैतिर यस्तै हुँदै आको छ ।

म : तैंले तेरो माननीयज्यू अैलेसम्म कति पार्टीको फेरो लगाको जानकारी पाछौ ?

ऊ : धेरैले सम्मान गर्नु र एकपछि अर्को पार्टीलाई सम्मान गर्दै तिनीहरूको सदस्यता ग्रहण गर्नु र फेरि तिनलाई छाड्नु सप्पैले सक्ने कुरो हो र ? हाम्रा माननीयज्यूहरूले जब देख्नुहुन्छ कि अब मभन्दा बढी इमानदार कोइ छैन तब एक फड्को मार्नुहुन्छ ।

म : भन्न खोजेको दल बदल्नुहुन्छ ?

ऊ : हो नि । कैलेकाइँ त एत्तिखेर कुन दलको माननीयज्यूको पिए छु, त्यैं पनि सम्झिनुपर्ने हुन्छ । अझ चुनावको समय नजीकिंदा त झन् धेरै हुन्छ ।

म : मेरो माननीयज्यूको पनि त्यै हालत त हो नि । एकै छिनाँ कुन पार्टी र फेरि अर्को छिनाँ कुन पार्टी । बरु बिरालोलाई डेरा सार्न अप्ठ्यारो हुँदो हो तर हाम्रा माननीयज्यूलाई पार्टी सार्न कुनै अप्ठ्यारो लाग्दैन ।

ऊ : कुनै पार्टीको चिह्नबाट चुनाव जित्ने सांसदलाई यस्तो मौका हुँदैन । तिम्रो माननीज्यू स्वतन्त्र हुनुहुन्छ र मेरो माननीयज्यू एक्लै आफ्नो पार्टीबाट । समानुपातिकबाट समावेशी आधारमा सांसद बनेपछि सुटुक्क अर्को दल दर्ता गरेको । आफ्नै हातमा डाँडु र आफ्नै हातमा पन्यु ।

म : ए मूला, तेरो माननीयज्यू अैलेसम्म कति दल बदल्नु भो ?

ऊ : पख, अैले म डायरी हेरेर भन्छु । तिम्रो माननीयज्यूको दलको ठेगान छ ?

म : एकै दलमा रहिरहने नेताको कुनै भैलु हुँदैन । एकै ठाउँमा जमिरहने पानी फोहोर हुन्छ । नेता भनेको गतिशील हुनुपर्छ । जनताले पनि नेताको बौद्धिकता, विद्वता र इमानदारी यसैमा देख्छ । एकै ठाउँमा रहिरहने नेता कहिल्यै नचल्ने वा धार नलाग्ने खुकुरीजस्तो खिया लाग्न पुग्छ ।

ऊ : खूब बोलिस् । तेरो दर्शन सुनेर त तिम्री श्रीमती होइन, तिमी सांसद हुनुपर्थ्यो ।

म : मेरै लगानी, सङ्घर्ष र त्यागले त पार्टीले समानुपातिकबाट उल्लाई माननीय बनाएको हो ।

ऊ : तिम्रो छलकपट, दाउपेच र षड्यन्त्रले काम गऱ्यो । अनि त, केही वर्षमैं सप्पै शहराँ घर–घडेरी जोरिस्, गाडी र ब्यांक ब्यालेन्स बनाइस् ।

म : यो त राजनीतिको कमाइ हो । राम्रो मान्छेलाई जताबाट दाम आउँछ उतै काम गर्नुपर्छ । आखिर यसै देशको लागि राजनीति गरेको न हो ।

ऊ : अँ आज तिम्रो माननीयज्यू कुन पार्टी को ?

म : बिहान ओछ्यानमा सँगै हुँदासम्म त कुखुरी पार्टी भन्थी । अैले चिया खाने बेलाँ खुकुरी पार्टी रे । तेस्पछि अैलेको प्रगति मलाई था भएन । अनि तिम्रो ?

ऊ : त्यै त भन्या । अैलेसम्म फोन आएन । दुईटा पार्टी बस्या होलान् । तेस्रो पार्टीले फोन गरेर अझ बढी मोल लगाएको होला, अनि कुरो मिलेन होला ।

म : म त जनतालाई भेंडा ठान्छु ।

(बाँकी चौथो पातामा)

# दुष्प्रवृत्तिलाई हार्दिक श्रद्धाञ्जली !

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

**'सभकर सुन सभकर जान, निर्णय आपन मन के मान' अर्थात् सबैको कुरा सुन्नु, सबैको विचार जान्नु तर निर्णयआफ्नो मनको आवाज सुनेर मतदान गर्नुहोस् । आसन्न निर्वाचन दिवसको अवसरमा सबैलाई हार्दिक शुभकामना !**

'उडायो सपना सबै हुरीले...।' आसन्न निर्वाचनमा मतदाताहरूले सचेत भएर मतदान गरेनन् भने अपेक्षाकृत सपना हुरीमा उडेर स्वाहा हुन सक्छ । अहिले जनप्रतिनिधि चुन्ने विकल्प र 'मत'दानको शक्ति दुईटै मतदाताहरूको हातमा छ । त्यसैले तपाईं असल जनप्रतिनिधि चुन्न चाहनुहुन्छ वा पाँच वर्ष पछुताउन चाहनुहुन्छ ? निर्णयकर्ताको भूमिका र जिम्मेवारी नितान्त मतदाताहरूको काँधमा छ । असीमित मतदाताको शक्ति सीमित पात्रहरूको हातमा हस्तान्तरण गर्ने संवैधानिक प्रक्रिया हो, निर्वाचन । सत्तारूपी गाडीको चालक नियुक्त गर्ने अवसर हो यो ? त्यस कारण असीमित भीडमध्ये सत्ताको चाभी कसको हातमा दिने ? आफ्नो अनमोल शक्ति लिलाम गर्ने कि भविष्यप्रति जागरूक हुने ? सोच्नुपर्ने समय अहिले पनि १३ दिन बाँकी छ ।



कानूनबमोजिम अयोग्य ठहर नभएका कुनै पनि नागरिक उम्मेदवार हुन पाउने प्रावधान छ । उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन भइसकेको अवस्था छ । मानौं सबै उम्मेदवार कानूनतः प्रतिस्पर्धा गर्न योग्य छन् । यसको अर्थ सबै उम्मेदवारहरू अन्तर्मनले सफा र स्वच्छ नै छन् भन्ने कुराको ग्यारण्टी छैन । लोकतन्त्रमा बढीभन्दा बढी प्रतिर्स्पधा हुनु नै लोकतन्त्रको महत्त्वपूर्ण पाटो हो । असीमित विकल्पमध्ये असल नियतका व्यक्ति छान्नु मतदातामा अन्तर्निहित रोजाइ हो । त्यसैले आज गलत प्रवृत्तिलाई मतदान गरियो भने भोलि मनलाई सान्त्वना दिनका लागि 'यस्तै रहेछ यहाँको चलन...।' गीत गुनगुनाउनुबाहेक अर्को विकल्प रहने छैन ।

**मननयोग्य कथा**

एउटा देहाती कथा यस्तो छ – वैशाखको महीना थियो । माहोल चुनावमय थियो । नित्यकर्मबाट निवृत्त भई मानिसहरू चोकमा आउन थालेका थिए । केही दिनदेखि प्रायः बिहान र साँझ चियागफसँगै चुनावी चर्चा चरममा थियो । मानिसहरू खेमा अनुसार पक्ष र विपक्षको कित्तामा विभाजित थिए । आफू निकट उम्मेदवारको गुणगान गर्ने पुरानै परम्परा अनुसार उनीहरू पनि खेमा अनुसार लिप्त थिए । कुराकानीको क्रममा सधैं मतदाताबीच मतभेद हुन्थ्यो । वादविवाद शुरू हुन्थ्यो । माहोल उग्र हुन्थ्यो । उम्मेदावारहरूमा राम्रोभन्दा हाम्रो उम्मेदवारप्रति उत्सुकता बढी थियो । मानौं उम्मेदवारको योग्यता र आचरणसँग मतदातालाई रत्ति मतलब छैन । भनिन्छ, स्वार्थी प्रवृत्तिको आधिक्यले उचित निर्णय गर्नु असम्भव हुन्छ ।

एक दिनको कुरा हो सधैंझैं आज बिहान पनि चोकमा मानिस आउने क्रम जारी थियो । चोकमा आएका मानिसहरू मध्ये एकाधको ध्यान पोलमा झुन्डिएको ठूलो बैनरमाथि पऱ्यो । यो के हो ? मानिसहरू अच्चमित भए । बैनरमा लेखिएको थियो– "हिजो राति जुन प्रवृत्तिको मृत्यु भयो, त्यो प्रवृत्ति तपाईंको पालिकाको प्रगतिमा बाधा पुऱ्याइरहेको थियो । श्रद्धाञ्जली अर्पण गर्नका लागि विद्यालयको चौरमा सभा आयोजना गरिएको छ । ठीक ११ बजे श्रद्धाञ्जली सभामा सबैको स्वस्फूर्त उपस्थिति हुने अपेक्षा गरिएको छ ।"

यो कुरा पालिकाभित्र मात्र होइन, गाउँगाउँसम्म फैलियो । शुरूमा मृत्युको खबरले पालिकावासी झसङ्ग भए । तर मानिसहरूमा के जिज्ञासा उत्पन्न भयो भने आखिर पालिकाको प्रगतिमा कस्तो प्रवृत्ति बाधक थियो ? कस्तो प्रवृत्तिको हिजो राति मृत्यु भयो ? स्थानीय जनतालाई श्रद्धाञ्जलीसभामा उपस्थित हुनुभन्दा पनि बैनरमा उल्लिखित विषय बारे जान्ने कौतुहलता बढी थियो । माहोल यस्तो भयो कि ११ नबज्दै चौरमा मानिस आउने क्रम शुरू भयो । उक्त पालिकाको मात्र होइन, अन्य पालिकाका मानिसहरू उत्तिकै जिज्ञासाका साथ श्रद्धाञ्जली सभामा आउन थाले । बिस्तारै भीड बढ्दै गयो । मानिसहरूको यतिबिघ्न बाक्लो उपस्थिति भयो कि भीड नियन्त्रण भन्दा बाहिर हुन थाल्यो । अन्ततः सुरक्षाकर्मीलाई डाक्नुपऱ्यो । श्रद्धाञ्जली सभा हुनुभन्दा अघि मानिसहरू एकले अर्कोसँग जिज्ञासा प्रकट गरिरहेका थिए । तर समाधान कसैसँग थिएन । सबैको मनमा एउटै कुरा खेलिरहेको थियो– "आखिर हाम्रो पालिकाको प्रगतिको बाधक कस्तो प्रवृत्ति थियो ? यदि उक्त प्रवृत्ति पालिकाको उन्नतिमा बाधक थियो भने उसको मृत्यु हुनु राम्रो पक्ष हो ।" एकातर्फ मानिसहरू मृत्युको खबर सुनेर दुःखित थिए । अर्कोतर्फ बाधकको मृत्यु भएकोमा खुशी पनि थिए । जति धेरै जान्ने अपेक्षा मनमा आउँथ्यो, उति नै बढी कौतुहलता बढ्थ्यो । अन्ततः निर्धारित समय अनुसार श्रद्धाञ्जली कार्यक्रम शुरू भयो । भीड हुन नदिनका लागि एकपटकमा एकजनालाई मात्र निरीक्षण गर्न जाने व्यवस्था मिलाइएको थियो ।

चिया पसलमा बढी उग्र हुने व्यक्ति पङ्क्तिको पहिलो नम्बरमा खडा थियो । पहिले उसैको पालो आयो । कात्रोमा कसको शव लपेटिएको होला भन्ने जिज्ञासाले उसको हृदय कम्पित थियो । उसको मनमा डर र चिन्ता व्याप्त थियो । कात्रो उघारेर हेऱ्यो । यो के हो ? ऊ तीनछक्क पऱ्यो । स्तब्ध भयो । कात्रोभित्र एउटा ठूलो आकारको ऐना राखिएको थियो । कात्रो उठाएर हेर्दा ऐनामा आफ्नै प्रतिविम्ब देख्यो । आफ्नो प्रतिविम्बसँगै उक्त ऐनामा टाँसिएको पर्चीमा उसको ध्यान केन्द्रित भयो । पर्चीमा मुटु हल्लाउने कुरा लेखिएको थियो– "पालिकाको प्रगतिमा बाधा पुऱ्याउने अरू कोही होइन, तपाईं आफैं हो । यदि त्यस्तो होइन भने तपाईंले स्वच्छ व्यक्तिलाई किन मतदान गर्नुहुँदैन ? तपाईंभित्र जरा गाडेर बसेको लोभ, लालच र स्वार्थको मृत्यु भएन भने तपाईंले असल र निष्पक्ष जनप्रतिनिधि छान्न सक्नुहुन्न । तपाईंले आफ्नो शक्ति पहिचान गर्न सक्नुभयो भने समाजिक र आर्थिक परिवर्तन असम्भव छैन । त्यो व्यक्ति तपाईं आफैं हुनुहुन्छ जसको एउटा त्रुटिले देशको भविष्य प्रभावित हुन सक्छ । त्यो व्यक्ति तपाईं स्वयं हुनुहुन्छ जसले आफूले आफैंलाई मदत गर्न सक्छ । तपाईंको मालिक आफ्नै व्यक्ति हुँदैमा तपाईंको जीवन परिवर्तन हुँदैन । असल व्यक्तिको हातमा सत्ताको चाभी हस्तान्तरण भए मात्र तपाईंका साथै स्थानीय तह, प्रदेश र देशको प्रगति र उन्नति सम्भव हुन सक्छ । त्यस कारण यथार्थ तपाईंले स्वीकार गर्नुहुन्छ भने तपाईंभित्रको दुष्प्रवृत्तिको मृत्यु भएको ठहर हुनेछ । अन्तमा हार्दिक श्रद्धाञ्जली भनेर जानु होला । अरूलाई पालो दिनुहोला ।" यसैगरी आलोपालो सबैले कात्रोभित्र हेर्न भ्याए । अन्ततः मानिसहरू आआफ्नो दुष्प्रवृत्तिलाई श्रद्धाञ्जली अर्पण गरेर प्रस्थान गरे ।

**किसानको युक्ति प्रयोग गर**

मतदाताहरूले स्वच्छ र कपटी उम्मेदवारबीच अन्तर कसरी छुट्याउने भन्ने प्रश्न उठ्छ । स्थानीय तहको निर्वाचन भएकोले उम्मेदवार पनि स्थानीय नागरिक नै हुन्छन् । आफ्नै वरपरका मानिसको बानी–बेहोर थाहा नहुने कुरै हुँदैन । उम्मेदवारको शैक्षिक योग्यता, सामाजिक भूमिका, न्यायिक उत्तरदायित्व, पारिवारिक पृष्ठभूमि लगायत सकारात्मक/नकारात्मक मनोविज्ञान बुझ्न जरूरी छ । त्यसले जनप्रतिनिधि छान्न सहज हुनेछ ।

कृषिप्रधान देश नेपालमा कृषिमा आधारित उदाहरण बढी उपयुक्त हुन्छ । खेतमा अन्नबालीसँगै उम्रिएका नचाहिंदा झारपातलाई मधेसमा 'झारङ' भनिन्छ । नचाहिंदो झारपातले बालीनालीलाई हानि नोक्सानी पुऱ्याउने हुँदा झारपात नष्ट गर्न कीटनाशकलगायत विभिन्न उपाय गरिन्छ । बालीलाई नोक्सान नहोस्, त्यसका लागि किसान सधैं सतर्क रहन्छ । किसानको सुझबुझले झारपात खेतमैं सुक्छ र अन्नबाली भकारीसम्म आइपुग्छ ।

उम्मेदवार छनोट गर्दा मतदाताहरूले होश पुऱ्याउनुपर्छ । खेतीपातीको विविध फर्मुलामध्ये झारपात नष्ट गर्ने सामान्य फर्मुला लगाउने हो भने विशुद्ध बाली भकारीसम्म आइपुगेझैं उचित व्यक्तिको हातमा सत्ताको चाभी हस्तान्तरण गर्न सक्छौं । अन्यथा झारपात अस्तित्वमा आउँछ र शरीरलाई शक्ति प्रदान गर्ने अन्नबाली खेतमैं कुहिएर नष्ट हुन्छ । 'सभकर सुन सभकर जान, निर्णय आपन मन के मान' अर्थात् सबैको कुरा सुन्नु, सबैको विचार जान्नु तर निर्णयआफ्नो मनको आवाज सुनेर मतदान गर्नुहोस् । आसन्न निर्वाचन दिवसको अवसरमा सबैलाई हार्दिक शुभकामना !

# द्रोण पर्व–७४



महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी

अर्जुनको यस्तो मूर्तिमान कालको समान अभूतपूर्व पराक्रम हेरेर कौरवसेनामा बडो खैलाबैला मच्चियो। यस प्रकार भयानक कर्मद्वारा आफ्नो भीषणताको छाप लगाएर उनी बडे महारथीहरूलाई नाघेर अगि बढदै गए।

अर्जुनलाई जयद्रथतिर यसरी बढिरहेको हेरेर कौरव योद्धाहरू उनको जीवनबाट निराश भएर संग्रामभूमिबाट फर्किन थाले। यतिबेला तपाईंका पषका जुन वीर अर्जुनको सामु आउँथे, उनकै शरीरमाथि अर्जुनको प्राणान्तक बाण खस्दथ्यो। महारथी अर्जुनले तपाईंका सबै सेनालाई अत्यन्त व्यथित पारिदिए।



यस प्रकार तपाईंका चतुरङ्गिणी सेनालाई व्याकुल पारेर उनी जयद्रथको सामु आए। उनले अश्वत्थामालाई पचासवटा, वृषसेनलाई तीनवटा, कृपाचार्यलाई नौवटा, शल्यलाई सोह्वटा, कर्णलाई बत्तीसवटा र जयद्रथलाई चोसट्ठीवटा बाण हानेर घाइते पारी बडो जोडले सिंहनाद गरे। जयद्रथद्वीद्वारा अर्जुनको बाणको चोट सहन हुन सकेन। उनी अङ्कुश गाडिएको हात्तीझैं अत्यन्त क्रोधित भए। अतः उनले तीनवटा बाण श्रीकृष्णमाथि र छववटा बाण अर्जुनमाथि तथा आठवटा बाणबाट घोडाहरूमाथि हानेर घाइते पारे अझ एउटा बाण उनको ध्वजामाथि प्रहार गरे तर अर्जुनले जयद्रथले हानेको बाणलाई बाटैमा व्यर्थ पारी एकै साथ दुईटा बाण हानेर उनको सारथिको शिर र ध्वजालाई काटिदिए। यसै बेला सूर्यलाई बडो तीव्रताका साथ अस्ताचलतर्फ ढलिरहेको हेरेर श्रीकृष्णले भने– पार्थ, यति बेला जयद्रथलाई छववटा महारथीले आफ्नो बीचमा राखेर रक्षा गरिरहेका छन्। अतः संग्राममा यी छवटै महारथीलाई परास्त नगरीकन जयद्रथलाई मार्न सम्भव छैन। त्यसैले यतिबेला मैले सूर्यलाई ओझेल पार्न एउटा यस्तो उपाय गर्नेछु, जसबाट जयद्रथलाई लागोस् कि सूर्यास्त भइसकेको छ। यसबाट उनी हर्षित भएर निस्किआउनेछन् र आफ्नो रक्षा गर्ने कुनै उपाय गर्ने छैनन्। त्यसै अवसरमा तपाईंले जयद्रथमाथि प्रहार गर्नु, सूर्य अस्त भइसक्यो भनेर उपेक्षा नगर्नु। प्रत्युत्तरमा अर्जुनले भने– हवस्, तपाईंले भने अनुसार नै गर्नेछु।

अनि योगीश्वर श्रीकृष्णले योगयुक्त भएर सूर्यलाई ढाक्नको लागि अन्धकार उत्पन्न गरे। अन्धकार फैलिएपछि तपाईंका सैनिकहरूले सूर्यास्त भइसक्यो भन्ठानेर अर्जुनको नाशको सम्भावनाबाट बडो हर्षित भए। हर्षतिरेकको कारण उनीहरूले सूर्यतिर हेर्ने ध्याउन्न नै दिएनन्। यसैबेला राजा जयद्रथले शिर उचालेर सूर्यतिर हेर्न थाले। अनि श्रीकृष्णले अर्जुनसित फेरि भने– वीरवर, हेर्नुहोस्, सिन्धुराज तपाईंको भय त्यागेर सूर्यतिर हेर्दैछन्, यस्ता दुष्टलाई मार्ने यही सुअवसर हो। तत्काल यिनको शिर छप्काएर आफ्नो प्रतिज्ञा पूर्ण गर्नुहोस्। श्रीकृष्णको कुरा सुनेर प्रतापी पाण्डुनन्दन अर्जुनले आफ्नो प्रचण्ड बाणबाट तपाईंको सेनाको संहार गर्न थाले। उनले कर्ण र वृषसेनको धनुषलाई आफ्नो बाणबाट काटेर एउटा भल्ल हानी शल्यको सारथिलाई रथबाट तल झारिदिए तथा कृप र अश्वत्थामा दुवै मामा–भान्जा अत्यन्त घाइते पारिदिए। यस प्रकार तपाईंका समस्त महारथीलाई अत्यन्त व्याकुल पारी उनले एउटा दिव्यास्त्रहरूबाट अभिमन्त्रित तथा गन्ध र पुष्पादिबाट पूजित इन्द्रको वज्र समान प्रचण्ड बाण झिके। त्यसलाई विधिवत् वज्रास्त्रबाट अभिमन्त्रित गरेर आफ्ना गाण्डीव नामक धनुषमाथि चढाए। यतिबेला श्रीकृष्णले छिटो गर्ने सङ्केत गर्दै फेरि भने, धनञ्जय, सूर्य अस्ताचलमा पुग्नै आटेको छ, जयद्रथको शिर तत्काल काटिदिनु। हेर्नुहोस, यिनको वधको विषयमा म तपाईंलाइ एउटा प्रसङ्ग सुनाउँदैछु। यिनका पिता जगत्प्रसिद्ध राजा बृद्धक्षत्र थिए। उनी धेरै बूढो भएपछि मात्र जयद्रथलाई पुत्रको रूपमा उत्पन्न गरेका थिए। यिनको विषयमा राजा वृद्धक्षत्रलाई यो आकाशवाणी भएको थियो– राजन्, तपाईंको यो पुत्र कुल, शील र दमादि गुणहरूमा सूर्य र चन्द्रवंशीहरूको समान हुनेछ। यस क्षत्रियपंवरको लोकमा शूरवीरहरूले सर्वदा सत्कार गर्नेछन् तर संग्राममा युद्ध गर्ने बेला एउटा श्रेष्ठ क्षत्रियले अचानक यसको शिर काटिदिनेछ। यस्तो आकाशवाणी सुनेर बृद्धक्षत्र धेरै बेरसम्म यसबारे सोचिरहे, अनि उनले पुत्रस्नेहको वशीभूत भई आफ्ना जातिबन्धुसित भने– जसले मेरो पुत्रको शिर काटेर भुइँमा खसाल्नेछ, उसको मस्तकको सहस्त्र टुक्रा भइहाल्नेछ। यति भनेर वृद्धक्षत्रले जयद्रथको राज्याभिषेक गरेर वनतिर गई बडो घोर तपस्या गर्न थाले। यतिबेला उनी स्यमन्तपञ्चक क्षेत्रको बाहिर बसेर बडो घोर तपस्या गरिरहेका छन्। त्यसैले तपाईंले दिव्यास्त्रबाट जयद्रथको शिर काटेर वृद्धक्षात्रको काखमा खसालिदिनुहोस्। यदि तपाईंले जयद्रथको सिर काटे भुइँमा खसालिदिनुभयो भने निश्चय नै तपाईंको मस्तिष्कको पनि एक सयवटा टुक्रा भइ हाल्नेछ।

श्रीकृष्णका यस्तो कुरा सुनेर अर्जुनले त्यो वज्रतुल्य बाण हानिदिए। त्यस बाणले सिन्धुराज जयद्रथको शिर काटेर हुचिल चराझैं लिई आकाशमा उड्दै समन्तपञ्चक क्षेत्रको बाहिर लिएर गई सनध्योपासन गरिरहेका राजा वृद्धक्षत्रको काखमा खसालिदियो। राजा वृद्धक्षत्रले यसबारे चालै पनि पाएनन्। उनी सन्धोपासन गरेर उठ्ने बित्तिक्कै जयद्रथको काटिएको शिर उनको काखबाट ढलेर भुइँमा खस्यो तथा त्यो शिर भुइँमा खस्ने बित्तिक्कै राजा बृद्धक्षत्रको शिरको एक सय टुक्रा भइहाल्यो। क्रमशः ...

# प्रथम आवश्यकता - हावा



-डा शिवशङ्कर यादव

यो हावा हवाई होइन, दुर्लभ खुदाइ हो।

जीव कुछ हवा में थिरकते कुछ पानी में तैरते हैं

इस पवन पवित्र को ही प्राणियों का प्राण कहते हैं।

जीव मात्रको प्रथम आवश्यकता हो हावा। आउनुहोस् आज यसैको यात्रामा रमाऔं। यसको लागि केही भूमिका आवश्यक हुन जान्छ। यसो त आर्य भट्टले पृथ्वी र सूर्यबारे धेरै पहिले सटिक कुरा भनेर गएका छन्। तर प्रमाणको रूपमा आजको आधुनिक वैज्ञानिक कुरा नै अघि सारिन्छ। बिगबैंग सिद्धान्त र हब्बल सूत्रका अनुसार ब्रह्माण्ड र समयको निर्माण एकै साथ १३.७९९ प्लस माइनस ०.०२१ बिलियन वर्ष पहिले भयो। यो ब्रह्माण्ड असीम छ र लगातार फैलिरहेको छ। तर पनि एस्ट्रोनोमरहरूको अनुमानमा यसको व्यास ९३ बिलियन प्रकाश वर्ष अनुमान गरिएको छ। ४.६ बिलियन वर्ष पहिले सूर्यको निर्माण भयो। केटाकेटीमा पढेको भूगोल अनुसार सूर्यबाट टुक्रेको पिण्डले पृथ्वी बन्यो। तर आधुनिक विज्ञानको अनुसार यस्तो होइन। सूर्य र सौर्यमण्डलका सबै ग्रह एउटै कुराले क्रमैसँग बन्दै गएका हुन्। ब्रह्माण्ड केही होइन, एउटा ग्याँसपुञ्ज हो, जसलाई नेबुला भनिन्छ। नेबुलाको लैटिन अर्थ क्लाउड हुन्छ। यो क्लाउड मुख्यतः हाइड्रोजन, हिलियम र लिथियमले बनेको हुन्छ। यसै नेबुलाले ब्रह्माण्डका सबै रचना बनेका छन् : कोही सानो, कोही ठूलो, कोही अझ ठूलो। ठाक्यै त होइन तर यसलाई हामीले कुम्हालको चक्रको उदाहरणले बुझ्नु अन्यथा हुँदैन। कुम्हालको चक्र ब्रह्माण्ड हो जो अनवरत घुमिरहेको छ। त्यसमाथिको माटो नेबुला हो। त्यही माटोले कुम्हालले सानो कटिया बनाउँछ र ठूलोभन्दा ठूलो हाँडी पनि। यस्तै नेबुलाले ब्रह्माण्डका सबै रचना बनेका हुन्; कोही साना, कोही ठूला, कोही अझ ठूला। बल दुई प्रकारको हुन्छ– सेन्ट्रीफ्युगल र सेन्ट्रीपिटल। सेन्ट्रीफ्युगल बलले पदार्थलाई बाहिर फर्याँक्छ र सैन्ट्रीपीटल बलले पदार्थलाई आफूतिर अथवा पदार्थको केन्द्रतिर तान्छ। पृथ्वी र ग्रहहरूको सम्बन्धमा यसै सेन्ट्रीपिटल बललाई गुरुत्वाकर्षण भनिन्छ। जुन पिण्ड जति ठूलो हुन्छ त्यसको गुरुत्वाकर्षण पनि त्यति नै ठूलो हुन्छ। कुम्हालको चक्का निरन्तर घुमिरहेको हुन्छ र माटो सेन्ट्रीपिटल बलले केन्द्रतिर आइरहेको हुन्छ। कुम्हालको काम आकार दिने मात्र हो, यो काम ब्रह्माण्डमा प्रकृतिले गर्छ। नेबुला समयक्रममा तुलनात्मकरूपले चीसो भएपछि चक्रको माटोसरी मेटेरियल केन्द्रतिर सञ्चालित हुँदे जान्छ र सूर्यको निर्माण हुन्छ एकचोटी सूर्यको निर्माण भएपछि यसको गुरुत्वाकर्षणले स्वयं अझ बढी मेटेरियल तान्छ र सूर्य निर्माणको प्रक्रिया पूरा भएर ब्रह्माण्डमा निस्कन्छ। फेरि त्यसै वा अर्को नेबुलाबाट त्यही प्रक्रियाले पृथ्वी र अन्य ग्रह बाहिर आउँछन्। यसरी पूरै सौर्यमण्डल बनेर तयार हुन्छ। सूर्यको गुरुत्वाकर्षण सबैभन्दा ठूलो भएकोले ग्रहहरूलाई आफू तिर तान्छ। तर ग्रहहरूको पनि आआफ्नो गुरुत्वाकर्षण हुन्छ जसले गर्दा ग्रहहरू सन्तुलित भएर सूर्यको चारैतिर घुम्न थाल्छन्। एवम्रीतले ग्रहहरूको सन्तुलन कायम रहन्छ। यदि यस सन्तुलनमा गडबडी भयो भने दुर्घटना निम्तिन सक्छ। मङ्गलको फवोस चन्द्रमा, भनिन्छ वर्षमा दुई मिटरको दरले मङ्गलतिर तानिइरहेको छ जुन ५ लाख वर्षपछि मङ्गलसित ठोकिएर नष्ट हुनेछ।

सूर्यको निर्माण ४.६ बिलियन वर्ष



पहिले र पृथ्वीको निर्माण ४.५ बिलियन वर्ष पहिले भएको हो। बुध ग्रहबाहेक पृथ्वीसमेत सबै ग्रह चारैतिरबाट वायुमण्डलले ढाकिएको छ। तर अद्भुत कुरा के छ भने पानी र निश्शुल्क अक्सिजन पृथ्वीमा मात्र पाइन्छ। अब हामी आफ्नो विषयमा प्रवेश गरिरहेका छौं। यो पानी कहाँबाट आयो त ? एक अनुमान यो छ कि सुदूर अन्तरीक्षबाट बर्फकर्का टुक्रा खस्दै गयो जो अन्य ग्रहमा त टिक्न सकेन तर पृथ्वीको अपेक्षाकृत चीसो वातावरणले टिक्न सक्यो। यो तर्क विश्वास गर्ने खालको त छैन तर मान्नुबाहेक अर्को तर्क अहिलेसम्म पत्ता लागेको छैन। अब फेरि अर्को प्रश्न आउँछ कि निश्शुल्क अक्सिजन कहाँबाट आयो ? पानी आएपछि ३.५ बिलियन वर्ष पहिले एककोषीय ओर्गेनिज्म अर्थात् ब्याक्टेरियाको उत्पत्ति भयो। यसै ब्याक्टेरियाको एक वर्गले अक्सिजन छोड्छ जुन लाखौं वर्षसम्म जम्मा हुँदै गयो। फेरि बोटबिरुवा पैदा भए। अब बोटबिरूवाहरूले पनि अक्सिजन छाड्न थाले। यसरी लाखौं–करोडौं वर्षसम्म जम्मा हुँदै गएको आक्सिजन आजको स्वरूपमा आयो। अर्को ग्याँस वायुमण्डलमा छँदै थियो। यसरी आज वायुमण्डलमा निम्न ग्याँस एक निश्चित प्रतिशतमा हामीलाई उपलब्ध छ।

नाइट्रोजन ७८.१ प्रतिशत, अक्सिजन २०.९ प्रतिशत, १ प्रतिशतमा बाँकी अरू ग्याँस छन्, जसमा कार्बनडाइ अक्साइड मुख्य हो। यही अक्सिजन र कार्बनडाइ आक्साइड मिलेर एउटा अद्भुत चक्र बनाउँछ जसमा प्रत्येक प्राणीले सासमा आक्सिजन लिन्छ र कार्बनडाइ अक्साइड छोड्छ। यसको ठीकविपरीत बोटबिरुवाहरूले कार्बनडाइ अक्साइड लिन्छन् र अक्सिजन छोड्छन्। तर बोटबिरुवामा यो केवल दिनमा हुन्छ। रातमा यो प्रक्रिया प्राणीसरह नै हुन्छ। यसै चक्रले वायुमण्डलमा गैसियस मिक्सचर हरदम एकनास बनिरहन्छ। यसै एक अर्कामा आधारित जीवन चक्रलाई पर्यावरण भनिन्छ। दुर्भाग्यवश यही बोटबिरुवाको बढी विनाश, पेट्रोलियम पदार्थ र कोयलाको बढी प्रयोगले पर्यावरण नष्ट हुन लागेको छ। यस विनाशको कारण केवल र केवल मनुष्य हो। मनुष्यमा पनि कारण उसको असीमित भोक र अस्वस्थकर विकाश हो। यस कारण ग्रीन हाउस ग्याँस बढेर पृथ्वी तात्दै गएर प्रलयतर्फ अग्रसर भएको छ। केके हुन् यी ग्रीन हाउस ग्याँस ? यी हुन्– कार्बनडाइ अक्साईड, कार्बनमोनोक्साइड, वाष्प, हाइड्रोफ्लोरोकार्बन, सल्फर, हेक्साफ्लोराइड आदि। ग्रीनहाउस प्रक्रिया हाम्रो सुविधाको लागि बनेको हो। कसरी ? शीशै शीशाले बनेको एउटा घर हुन्छ, जसमा टमाटर आदि सब्जी उमारिन्छ। हाम्रो देशभन्दा बढी यो इजरायल आदि देशमा बढी प्रयोग गरिन्छ जहाँ दिनमा धेरै गर्मी हुन्छ र रातमा धेरै चीसो। दिनमा यो घर तात्छ, रातमा चीसो हुन्छ। तर यो चीसो घरको बाहिर मात्र हुन्छ। शीशाले केही ताप सोसेर राख्छ, भित्र गर्मी रहिरहन्छ र साग आदिले उचित ताप पाइरहन्छ। यसै घरलाई ग्रीनहाउस र यही तात्ने प्रक्रियालाई ग्रीनहाउस इफेक्ट भनिन्छ। यही प्रक्रिया पृथ्वीमा पनि देखिन्छ। सूर्य किरणले दिनमा पृथ्वी तात्छ। रातमा पृथ्वीले त्यही ताप वायुमण्डलमा छाडेर चीसो हुन्छ। तर वायुमण्डलमा बसेको ग्रीनहाउस ग्याँसले, जसमा कार्बनडाइ अक्साईड मुख्य हुन्छ, केही ताप सोसेर हामीलाई सुविधा प्रदान गर्छ। यो ठीक हामीले खाने औषधि सरह हो। उचित मात्रामा छ भने ठीक अन्यथा त्यो औषधि विष हुन्छ। जुन ग्रीनहाउस ग्याँसले हामीलाई सुविधा दिने हो त्यसको अत्यधिक मात्रा विष बन्दै पृथ्वीको तापक्रम बेहिसाब बढिरहेको छ। यो धेरै दिन अघिको कुरा होइन। उद्योगीकरण शुरू भएपछिको कुरा हो। त्यसपछि पृथ्वीको तापक्रम १.१ डिग्रीले बढिसकेको छ। यसैको चिन्ता गरेर वैज्ञानिकहरूले पृथ्वीको तापक्रमलाई १.५ डिग्रीसम्म कम गर्ने वा २ डिग्रीभन्दा माथि जान नदिने भनिरहेका छन्। यो प्राप्त हुन्छ शून्य वा कमभन्दा कम कार्बन उत्सर्जनले।

यो वायुमण्डल पृथ्वी सतहबाट १६०० किमीमाथिसम्म फैलियेको छ जसले पृथ्वीलाई एउटा कम्बलले झैं ढाकेर सबै जीवजन्तुलाई सुरक्षित राखेको छ। वायुमण्डल १६०० किमी भएपनि हामीलाई ३०० किमी नै बढी उपयोगी छ। यसमा पनि बढी महत्त्व राख्छ सतह देखि १८०० किमीसम्मको वायुमण्डलले। यो सतहदेखि शुरू भएर पाँच लेयर हुन्छ। ट्रोफोस्फेयर : यो १८ किमीसम्म हुन्छ। मानिस र अरू जीवका सारा गतिविधि यसै लेयरभित्र हुन्छ। स्ट्रेटोस्फेयर : यो ३० किमीसम्म हुन्छ। ओजोनको परत यसैमाथि हुन्छ जसले सूर्यको अल्ट्राभायलेट विकिरणबाट जोगाउँछ। थर्मोस्फेयर : ४० देखि ४०० किमीसम्म फैलिएको छ। यसमा इलेक्ट्रिक करेन्ट प्रवाहित भइरहन्छ जसले रेडियोवेभलाई रिफ्लेक्ट गर्छ जसका कारण हामी रेडियो ब्रोडकास्टिङ सुन्न पाउँछौं। एक्सोस्फेयर : यो सबैभन्दा माथिको लेयर हो जसमा हावाको घनत्व बहुतै कम हुन्छ र धेरै महत्त्व राख्दैन। –छपकैया वीरगंज

लघुकथा

## रूख रोपौं

- वैद्यनाथ ठाकुर

शिवनाथ यादवले कान्तिपुर दैनिकमा प्रकाशित प्रमुख समाचार पढेर सुनाउदै थिए –

तनहु जिल्लाका २५० घरधुरीले दर्जनौं कालो बोकाको बली दिएर काली देवीको पुजाआजा गरेको छ। सम्पूर्ण गाउँले मिलेर सामुहिक पुजा गर्नुको कारण विगत एक महिनामा चितुवाको आक्रमणले सात जना बालबालिका मारि एको छ। काली देवी रिसाएर चितुवा आक्रमण बढेको हो भन्ने मनोविज्ञानले यसरी सामुहिक पुजा गरिएको हो ़।

शिवनाथको कुरामा सही थप्दै हरी उपाध्यायले भने –

हो त नि,,,,,,,। पोहोर साल पानी नपरेर खडेरी पर्दा भ्यागुतोको बिहे गरियो तर पानी परेन। पछि फेरि बर्षाको देउता स्वर्गका राजा इनद्रलाई खुशी पार्न राति महिलाहरूले नाङ्गै हलो जोत्दा पनि पानी परेको थिएन र अहिलेसम्म हामी भोकमरीको सिकार भएकाछौं ? ़ घोर कलियुग हो यो। अचेल देउतापनि शक्तिहिन भएका छन्।

बुधन महराले बीचमै कुरा काट्दै भने –

हेर्नुस्,,,,,। यसमा नभएको देउता सेउता रिसाउने कुरै होइन। हामीले रूख नरोप्ने अनि भएको जंगल मास्दै जाने गरेकोले नै बर्सेनि बाढीपहिरो र अनिकालको ( अनाबृष्टि तथा अतिबृष्टिको ) अवस्था आएको हो। रूख मासिएर जंगल साँघुरो हुँदैगएपछि जंगली वन्यजन्तु गाउँमा पस्नु र मान्छेलाई सिकार बनाउनु स्वभाविक हो। त्यसैले रूख रोपौं र जंगलको संरक्षण गरौं।

प्रगति नगर –३, वीरगंज

## अैले चैं.............

एस्ता माननीयज्यू जसको आफ्नो पार्टीको ठेगान छैन, जल्ले सप्पैभन्दा बढी मोल वा झोल दिन्छ, उतैतिर लहसिनेलाई पनि के पत्याएका होलान् ? एसरी पत्याउने भेंडा नै होइन।

ऊ : हाम्रो जातको बहुमत छ। जातको नेतालाई जातले पत्याउने हो। जुन जातको जनता हुँदैन, त्यो जातको नेताले केइ प्रगति गर्न सक्दैन।

म : त्यै त, जातको पछाडि, व्यक्तिको पछाडि कुदेको छ। चुनावको बेला मासुको पछाडि, रक्सीको पछाडि र पैसाको पछाडि आफूलाई केन्द्रित बनाउने जनतालाई के भन्ने ?

ऊ : तिम्री माननीयज्यूले इशाराले बोलाउँदै हुनुहुनुहुन्छ। देखिस्, एकछिन गफ गर्न दिन्छन् माननीयज्यूहरू ?

म : मेरो पनि माननीयज्यूको पार्टी बदलेजस्तो छ।

हामी एक अर्काको मुख हेरेर हाँस्दैछौं। त्यत्तिबेलै मेरो माननीयज्यूको प्रश्न आउँछ – अैले चैं म कुन पार्टीको रे ?

जिस्क्याउँदै उत्तर दिन्छु – जाँ बोलाएको छ, त्यहीं गएर कार्यकर्तालाई सोधे पनि हुन्छ नि, केको लाज ? हामी एकै पार्टीको दास हो र, पार्टीको नाम याद राख्नैपर्ने।

लघुकथा

## शिक्षक दिवस

- समीर पाख्रिन

आज पनि वयोवृद्ध मोहन सर आश्रमको आँगनमा घाम ताप्दै पुस्तक पढिरहेका थिए। एक्लो जीवन बिताउँदै आएका उनको स्वास्थ्य अवस्था क्रमशः खस्कदै गएपछि छिमेकीहरूले उनलाई वृद्धाश्रम गएर बस्ने सुझाव दिएकाले उनी विगत ६ महिनादेखि आश्रममा बस्दै आएका थिए।

आज गुरू पूर्णिमा अर्थात शिक्षक दिवस पनि। उनको मोबाइलमा बिहानैदेखि शुभकामना मेसेजको ओइरो लागेको थियो।

दिउँसो तिर गाडी चढेर केही सम्भ्रान्त महिला पुरूषहरू आश्रममा आए। उनीहरूले हातमा महँगा मोबाइल, क्यामेरा र कोशेलीहरू बोकेका थिए। त्यस मध्ये एक दुईजना विदेशी रुपनि थिए।

सबैले आलो पालो मोहन सरलाई उपहार टक्र्याए, शुभकामना व्यक्त गरे अनि ढोगे। यतिञ्जेल आश्रमका सबै वृद्धवृद्धा आँगनमा भेला भइसकेका थिए। आफूसित ल्याएका मिठाई फलफूल मोहन सरकै बाहुलीबाट सबैलाई बाड्ने काम भयो।

आगान्तुक मध्येका एक जनाले व्यवस्थापकसित आश्रमको समस्याहरू के के छन् भनी सोधे। व्यवस्थापकले समस्या र आवश्यकताहरू इमान्दारीपूर्वक राखे।

जाँदा–जाँदै आगन्तुकहरूले व्यवस्थापकलाई बोलाएर आवश्यक सबैकुरा केही दिनभित्रै व्यवस्था गरिदिने प्रतिवद्धता जाहेर गरे। त्यसपछि सामुहिक तस्विर खिचेर अपराह्नतिर आश्रमबाट प्रस्थान गरे।

०००

# अन्तर्राष्ट्रिय समाचार

## राष्ट्रसङ्घ प्रमुखको भ्रमणका क्रममा रूसी हमलामा एकजनाको मृत्यु

कीभ, १६ बैशाख, ⁄एएफपी

युक्रेनले शुक्रवार संयुक्त राष्ट्रसङ्घका प्रमुखको भ्रमणको क्रममा राजधानी कीभको केन्द्रमा रूसद्वारा गरिएको आक्रमणमा एक व्यक्तिको मृत्यु भएको जनाएको छ।


युक्रेनी राष्ट्रपति जेलिन्स्की र राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेर्रेस। तस्वीरः एएफपी

"हिजो रकेट प्रहार भएको शेभचेन्किभ्स्की जिल्लाको आवासीय भवनको भग्नावशेष खोज्न र हटाउन जारी राखेका उद्धारकर्ताहरूले भर्खरै मात्र आक्रमणमा मारिएका एक व्यक्तिको अवशेष फेला पारेका छन्," कीभका मेयर भिटाली क्लिट्स्कोले सामाजिक सञ्जालमा एक विज्ञप्तिमार्फत जनाएका छन्।

### रूसद्वारा राष्ट्रसङ्घका महासचिवको कीभ भ्रमणकै बेला कीभमा हवाई हमला गरेको पुष्टि

मस्को ⁄एएफपी

रूसको रक्षा मन्त्रालयले शुक्रवार संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसको भ्रमणको क्रममा कीभमा हवाई हमला गरेको पुष्टि गरेको छ।

"रूसी एयरोस्पेस फोर्सको उच्च परिशुद्धता, लामो दूरीको हावामा आधारित हतियारहरूले कीभमा आर्टियोम मिसाइल र अन्तरिक्ष उद्यमको उत्पादन भवनहरू ध्वस्त पारेको छ," मन्त्रालयले युक्रेनमा द्वन्द्वको बारेमा आफ्नो दैनिक ब्रिफिङमा सो कुरा जनाएको छ।

### युक्रेनी राष्ट्रपति र संयुक्त राष्ट्रसङ्घीय महासचिवबीच भेटवार्ता

युक्रेनी राष्ट्रपति भोलोडोमिर जेलिन्स्की र संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेर्रेसबीच भेटवार्ता भएको छ। उनीहरूका बीचमा बिहीवार भेटवार्ता भएको बताइएको छ। यस क्रममा उनीहरूबीच युक्रेनको पछिल्लो अवस्थाका बारेमा कुराकानी भएको बताइएको छ। महासचिव गुटेर्रेस हाल युक्रेनमा छन्।

यस क्रममा उनले युक्रेनी राष्ट्रपतिसँग बिहीवार भेटवार्ता गरेका थिए। उनीहरूका बीचमा पछिल्लो समयमा युक्रेनी शहर मारिउपुलबाट यहाँका नागरिकको उद्धार गर्नेबारेमा कुराकानी भएको थियो। रूसले आक्रमण गरेका कारण युक्रेनको अवस्था अहिले कमजोर भएको बताइएको छ। हाल रूसले राजधानी कीभमा आक्रमण रोके पनि मारिउपुललगायतका कतिपय शहरमा भने आक्रमण जारी राखेको छ।

मारिउपुलका नागरिकको उद्धार गरी यहाँ मानवीय सहायता उपलब्ध गराउनुपर्ने अवस्था रहेको र यस कार्यमा संयुक्त राष्ट्रसङ्घीय महासचिवको संलग्नताले आफूहरूलाई निकै सजिलो बनाउने अनुभव युक्रेनी राष्ट्रपतिले सुनाएका थिए।

### क्यानडाले युक्रेनस्थित आफ्नो दूतावास पुनः सञ्चालनमा ल्याउने

ओटावा ⁄सिन्हवा

क्यानडाले युक्रेनमा पुनः राजदूतावास खोल्ने भएको छ। क्यानडाका विदेशमन्त्रीले अब चाँडै नै युक्रेनमा क्यानडाले दूतावास पुनः सञ्चालनमा ल्याउन लागेको बताएको जनाइएको छ।

क्यानडाली विदेशमन्त्री मिलेनी जोलीले सो कुरा बताएको बिहीवार विभिन्न सञ्चारमाध्यमहरूले जानकारी दिएका हुन्।

जोलीले एक टेलिभिजनसँग कुराकानी गर्दै भनेका थिए– हामीले युक्रेनमा अब चाँडै नै दूतावासलाई पुनः सञ्चालनमा ल्याउने तयारी थाल्दैछौं, मलाई लाग्छ, अब युक्रेनमा अवस्था सामान्य बन्दै जाला र हाम्रा कर्मचारीहरू पनि सुरक्षित होलान्।

क्यानडाले युक्रेनको दूतावास गत फेब्रुअरीमा बन्द गरेको थियो। त्यहाँ रूसले आक्रमण गर्न लागेको भन्ने सूचनाका अधारमा सो दूतावास बन्द गराएर आफ्ना कर्मचारीलाई पोल्यान्ड पठाएको थियो।

अहिले राजधानी कीभबाट रूसी सेना हटेको र हमलाहरू पनि रोकिएको बताइएको छ। त्यसैले कतिपय देशले यसअघि बन्द गराएका दूतावासहरू खोल्ने तयारीमा लागेका छन्। रासस

## राष्ट्रपति बाइडेनद्वारा रूसको ऊर्जा ब्लयाकमेलबाट नआत्तिन आग्रह

वाशिङ्टन, १६ वैशाख ⁄एएनआई

अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रवार वाशिङ्टनले रूसलाई प्रतिबन्धबाट बाहिर निस्कन वा ब्ल्याकमेल गर्न नदिने बताएका छन्।



रुबलमा ग्याँस तिर्न अस्वीकार गरेपछि रूसको ऊर्जा कम्पनी ग्याजप्रोमले बुधवार पोल्यान्ड र बुल्गेरियालाई प्राकृतिक ग्याँस आपूर्ति कटौती गरेपछि वाशिङ्टनको यो टिप्पणी बाहिर आएको हो।

हिजो रूसले हाम्रा दुई सहयोगीहरूलाई ऊर्जा आपूर्ति बन्द गर्ने धम्की दियो। मलाई स्पष्ट पार्न दिनुहोस् हामी रूसलाई जारी प्रतिबन्धबाट बाहिर निस्कन वा ब्ल्याकमेल गर्न दिनेछैनौं, राष्ट्रपति बाइडेनले ट्वीटमा उल्लेख गरेका छन्।

अमेरिकी राष्ट्रपतिले वाशिङ्टनले रूसबाट ग्याँस ब्ल्याकमेलको धम्की दिएका युरोपेली सहयोगीहरूलाई मदत गर्न अन्य राष्ट्रहरूसँग काम गरिरहेको छ भनेका छन्।

"हामी अन्य राष्ट्रहरूसँग काम गर्दैछौं जस्तै दक्षिण कोरिया, जापान र कतार, जसले ग्याँस ब्ल्याकमेलबाट रूसले धम्की दिएका हाम्रा युरोपेली सहयोगीहरूलाई उनीहरूको ऊर्जा आवश्यकताहरू अन्य तरीकाबाट पूरा गर्न मदत गर्ने हाम्रो प्रयास रहन्छ," ट्वीटमा थप भनिएको छ।

मार्च ३१ मा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमित्र देशहरूमा दर्ता भएका कम्पनीहरूसँग ग्याँस आपूर्तिको लागि सबै सम्झौता रूबलमा गर्ने गरी एक आदेशमा हस्ताक्षर गरेका थिए।

मिडिया रिपोर्टहरूले जनाए अनुसार केही युरोपेली ग्याँस खरीदकर्ताहरूले रूसले माग गरे अनुसार रूबलमा आपूर्तिको लागि भुक्तान गरिसकेका छन्।

बुधवार युरोपेली आयोगका प्रमुख उर्सुला भोन डर लेयनका अनुसार रूसी ऊर्जा प्रदायक ग्याजप्रोमको बुल्गेरिया र पोल्यान्डलाई ग्याँस आपूर्ति निलम्बन गर्ने निर्णय ब्ल्याकमेलको अर्को प्रयास हो।

ग्याजप्रोमले एकतर्फीरूपमा युरोपका ग्राहकहरूलाई ग्याँसको आपूर्ति रोक्ने घोषणा गर्नु भनेको ब्ल्याकमेलको साधनको रूपमा ग्याँस प्रयोग गर्ने अर्को प्रयास हो। यो अनुचित हो र अस्वीकार्य छ। यसले एकपटक फेरि ग्याँस आपूर्तिकर्ताको रूपमा रूसको अविश्वसनीयता देखाउँछ, भोन डेर लेयनले एक विज्ञप्तिमा भनेकी छन्।

### आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – बेचैनी |
| मिथुन – मनोरञ्जन | कर्कट – कर्मप्राप्ति |
| सिंह – राज्यभय | कन्या – रोगभय |
| तुला – यात्रालाभ | वृश्चिक – शत्रुभय |
| धनु – कार्यनाश | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – कान्तिक्षय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**बालश्रम दण्डनीय अपराध हो, बालबालिकालाई कुनै पनि श्रमजन्य कार्यमा नलगाऔं।**

**वीरगंज महानगरपालिका**



**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


## पटेर्वासुगौलीमा विद्यार्थी भर्नाका लागि अभियान

प्रमोद यादव, पंचगावाँ, १६ वैशाख⁄

पर्साको पटेर्वासुगौली गाउँपालिका कार्यालयको सहयोगमा र गादीमाई आधारभूत विद्यालयको आयोजनामा शैक्षिकसत्र २०७९ भर्ना अभियान कार्यक्रम शुरू भएको छ। सबै बालबालिकालाई विद्यालय पठाऔं र शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरौं मूल नाराका साथ आज विद्यार्थी, शिक्षक, शिक्षिका, विद्यालय व्यवस्थापन समितिलगायतको उपस्थिति थियो।

कार्यक्रममा बालबालिकाहरूले बालबालिकालाई विद्यालय पुऱ्याऔंलगायत नारा लेखिएका प्लेकार्ड



तस्वीरः प्रतीक



विद्यार्थी भर्ना अभियान २०७९ सफल पारौं, घरघरमा शिक्षा प्रदान गरौं, बालबालिकालाई शिक्षाबाट वञ्चित नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं, नेपाललाई शिक्षित बनाऔं, सबै साहलगायतले मन्तव्य राखेका थिए।

बोकेर नगरपरिक्रमा गरिएको थियो।

कार्यक्रममा गापाका प्रमुख प्रशासकीय अधिकृत सन्देशकुमार यादव र स्वास्थ्य शाखा प्रमुख भुजेन्द्रप्रसाद यादव, शिक्षा शाखा प्रमुख शम्भु साहलगायतले मन्तव्य राखेका थिए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नीलम देवीको अध्यक्षतामा भएको कार्यक्रममा गादीमाई आधारभूत विद्यालयका शिक्षक चन्द्रकली देवी, कञ्चन कुमारी, प्रमोद प्रसादलगायतको सहभागिता थियो।

## 'विज्ञापन आचारसंहिता नियन्त्रण होइन, नियमनका लागि हो'

काठमाडौं, १६ वैशाख ⁄रासस

सरकारले विज्ञापन क्षेत्रलाई नियन्त्रणभन्दा पनि नियमन गर्ने उद्देश्यले 'विज्ञापन आचारसंहिता' ल्याउने तयारी गरेको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालले विज्ञापन बोर्डद्वारा शुक्रवार आयोजित 'विज्ञापन व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता विकाससम्बन्धी' दुई दिने तालीमको शुभारम्भ गर्दै विज्ञापन क्षेत्रलाई नियन्त्रण नभई थप स्वच्छ, पारदर्शी, जिम्मेवार र उत्तरदायी बनाउनका लागि सरकारले आचारसंहिता ल्याउने तयारी गरिरहेको जानकारी दिए।

उनले भने, "अप्रमाणित, भ्रामक, पर्याप्त जानकारीविना विज्ञापन बनाइएको हुन्छ, त्यसलाई व्यवस्थित गर्नका लागि सरोकारवालाको सुझावका आधारमा विज्ञापन आचारसंहिता ल्याउन लागिएको हो, यसले विज्ञापन क्षेत्रलाई व्यवस्थित गरेको छ।" उनले विज्ञापन बोर्डको नीति र विनियमावलीलाई समय अनुसार संशोधन गरी बोर्डलाई थप पारदर्शी र प्रतिस्पर्धी बनाउने बताए।

विज्ञापन आचारसंहिता मस्यौदाको विज्ञापनसम्बन्धी व्यवसाय गर्ने व्यक्तिको आचारसंहिता सम्बन्धमा 'कुनै पनि व्यक्ति, समुदाय वा संस्थाको ख्याल, सम्मान वा मर्यादा र सार्वजनिक हित, शिष्टाचार, नैतिकता र जनस्वास्थ्यमा आघात नपर्ने तथा आधिकारिकता पुष्टि हुनेगरी मात्र विज्ञापन प्रकाशन वा प्रसारण गर्नुपर्दछ' भनिएको छ।

नेपाल विज्ञापन सङ्घ (आन)का वरिष्ठ उपाध्यक्ष नारायण श्रेष्ठले विज्ञापन वितरण सम्बन्धमा स्पष्ट नीति बनाएर कार्यान्वयन गर्नुपर्नेमा जोड दिए। बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले दुई दिनसम्म सञ्चालन हुने तालीममा बोर्डले अहिलेसम्म गरेका कार्य, विज्ञापनको अवधारणा र अहिलेको प्रवृत्ति, विज्ञापनको इतिहास र चुनौती, मिडिया र विज्ञापन, विज्ञापन आचारसंहिता, विज्ञापन उद्योग र महत्त्वलगायतका विषयमा प्रशिक्षण हुने जानकारी दिए।


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ, पर्सा

**सिलबन्दी दररेट पेश गर्नेसम्बन्धी सूचना**

प्रथमपटक सूचना प्रकाशन मितिः २०७९⁄०१⁄१५ गते

प्रस्तुत विषयमा यस एकाइको आव २०७८⁄७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार धान जोन लागू रहेको क्षेत्रभित्रका लाभग्राहीहरूका लागि ५० प्रतिशत अनुदानमा कृषि यान्त्रीकरण सहयोग कार्यक्रम सञ्चालन गर्नुपर्ने भएको हुनाले यस एकाइको वेबसाइट www.parsa.pmamp.gov.np मा उपलब्ध गराइएको Format बमोजिमको प्राविधिक विशिष्टीकरण (Technical Specification) भएको कृषि यन्त्र, उपकरण तथा मेशिनरीहरूको प्रतिएकाइ दररेट आवश्यक परेको हुनाले तपसिलमा उल्लिखित शर्तहरूको अधीनमा रही उक्त कृषि यन्त्र, उपकरण तथा मेशिनरीहरू आपूर्ति गर्न योग्य र इच्छुक उत्पादक र कम्पनी, आधिकारिक विक्रेता वा आपूर्तिकर्ताहरूले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ७औं दिन (२०७९⁄०१⁄२१ गते) वा उक्त दिनमा सार्वजनिक बिदा पर्न गएको हकमा सोको भोलिपल्टको दिनमा दिउँसो २:०० बजेभित्र यस सूचनामा उल्लिखित सम्पूर्ण आवश्यक कागजातहरू संलग्न राखी स्वयम् वा प्रतिनिधिमार्फत यस एकाइमा उपस्थित भई सिलबन्दी दररेट पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**दररेट पेश गर्दा अनिवार्य पेश गर्नुपर्ने कागजातहरूः**

१. दररेट पेश गरिएको भनी रु. १० को टिकट टाँस गरी पेश गरिएको निवेदन।
२. फर्म दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र र आव २०७७⁄७८ को करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि।
३. कारोबार गर्नका प्रदान गरिएको इजाजतपत्रको प्रतिलिपि।
४. कालोसूचीमा नरहेको स्वघोषणापत्र।
५. समान प्रकृतिको काम गरेको भएमा सोसम्बन्धी प्रमाणहरूको प्रतिलिपि।

**तपसिलः**

१. आपूर्तिकर्ताले दररेट पेश गरेको कृषि यन्त्र, उपकरण तथा मेशिनरीहरूको क्याटलगको प्रतिलिपि तथा यस एकाइले तयार पारेको एकाइको वेबसाइटमा उपलब्ध ढाँचा (Format) प्रस्तावित Technical Specification सहित पूर्णरूपले तयार गरी अनिवार्यरूपमा पेश गर्नुपर्नेछ।
२. यस सूचनामा उल्लेख भए बमोजिम अनिवार्य पेश गर्नुपर्ने कागजात संलग्न नभएमा वा दररेटसम्बन्धी विवरण अपूर्ण भएमा वा रीत नपुगेको वा म्याद नाघी प्राप्त भएको दररेट प्रस्तावहरू मूल्याङ्कन प्रक्रियामा समावेश गरिनेछैन।
३. सिलबन्दी दररेट पेश गर्दा खाममा सम्बन्धित आपूर्तिकर्ताको नाम र ठेगाना, Email ID तथा सम्पर्क नम्बर अनिवार्यरूपमा उल्लेख भएको हुनुपर्नेछ।
४. दररेट स्वीकार गर्ने नगर्ने सम्पूर्ण अधिकार यस एकाइमा सुरक्षित रहनेछ।
५. आपूर्तिकर्ताले कृषि यन्त्र, उपकरण तथा मेशिनरीहरूको दररेट उल्लेख गर्दा यस एकाइको वीरगंज, पर्सास्थित कार्यालय परिसर वा धान जोन लागू रहेको क्षेत्रसम्म पुऱ्याउँदाको दररेट उल्लेख गर्नुपर्नेछ।
६. दररेट प्रस्ताव गरिएको कृषि यन्त्र, उपकरण तथा मेशिनरीहरूमा मूअक (VAT) लाग्ने वा नलाग्ने सोको विवरणका साथै मूअकबाहेकको दररेट पेश गर्नुपर्नेछ।
७. यस सूचनामा उल्लेख गर्न छुट भएका अन्य शर्त⁄बेहोराहरू सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ।

**नि. वरिष्ठ कृषि अधिकृत**

# वीरगंजको चुनाव खर्चिलो भएको छ -गिरी

राधेश्याम पटेल, वीरगंज, १६ वैशाख/

राजसंस्थाप्रति समर्पित राष्ट्रिय प्रजातन्त्र पार्टीबाट वैशाख ३० गते हुने स्थानीय तहको चुनावमा गिरीश गिरी नगरप्रमुखको उम्मेदवार बनेका छन्। वीरगंजका पूर्वनगरप्रमुख स्व गोपाल गिरीका सुपुत्र गिरी पत्रकार एवं लेखक हुन्। उम्मेदवारी दर्ताभन्दा दुई दिनअघि राप्रपाको केन्द्रीय कमिटीले उनलाई नगरप्रमुखमा वीरगंज महानगरपालिकाको चुनावी मैदानमा खडा गराएको हो।



राप्रपाका उम्मेदवार गिरीश गिरी। तस्वीरः प्रतीक

गिरी अहिले वीरगंजका टोलटोलमा मत माग्दै हिंडेका छन्। माओवादी जनयुद्धमा माओवादीको गोली प्रहारबाट उनका पिता स्व गिरीको निधन भएको थियो। यसपालिको स्थानीय चुनावमा वीरगंजबाट उम्मेदवारी दिनुको कारण बुबाको अधूरो सपना पूरा गर्ने आफ्नो अभिलाषा रहेको उनले बताए।

उनले चुनाव लड्ने आफ्नो इच्छा नभएको तर दलका नेता र घरपरिवारबाट पनि समर्थन पाएपछि वीरगंजको नगरप्रमुखमा आफूले दाबेदारी गरेको बताए। उनले चुनावमा विजयी हुनको लागि हरसम्भव प्रयास गर्ने बताएका छन्।

उनले अहिले बिहान ५ देखि राति ११ बजेसम्म चुनावी अभियानमा मतदाताको घरमा पुगेर मत माग्ने गरेको जानकारी गराए। गिरीले मत माग्ने काम भएपनि आर्थिक समस्याले पिरोलिएको बताए। चुनावमा खर्च हुने सुनेको थिएँ तर वीरगंजको चुनाव झनै खर्चिलो रहेछ। पैसा नभएर अहिले तनाव भएको उनले प्रतिक्रिया दिए।

पत्रकारिताको जागीरमा पनि आर्थिक समस्यासँग जुध्नुपरेको र अहिले राजनीतिमा पनि बढी खर्चको कारण आर्थिक समस्यासँग जुधिरहेको उनले बताए। पैसा खर्च गर्न नसक्दा आशावादी मतदाताहरूको कुरै नगरौं दलकै कार्यकर्ताहरू पनि रुष्ट भएको बताए। अन्य उम्मेदवारहरूले खर्च गरेको भन्दै आफूलाई पनि सोहीअनुरूप खर्चको दबाब आएको बताउँदै गिरीले लोकतन्त्रको लागि यो खतराको सूचक भएको बताए।

उनले आफ्नो खर्च अहिलेसम्म ३५ हजार ननाघेको बताए। एउटा सवारीसाधन लिएको र सोहीबाट मतदाताको घरघरमा पुगेर मत मागिरहेको गिरीले बताए। उनले मतदाताकहाँ पुग्दा सकारात्मक प्रतिक्रिया पाइरहेको तर मत पाउने कुरामा विश्वस्त हुन टुङ्गो नलागेको बताए। सबैले आशा दिएका छन् म पनि आशावादी छु, निराश हुँदिनँ होला। गिरीले चुनावमा खर्चको लागि सहयोग गर्नेहरू तत्पर भएको तर आफू त्यस्तो सहयोगको बर्खिलाप रहेको बताए। सहयोग लिएर चुनाव लडेको अवस्थामा विजयी भइहालेको खण्डमा उनीहरूको स्वार्थको शिकार हुनुपर्ने भएकालेले त्यस्तो कार्य नगरेर चुनावी अभियानमा लागिपरेको बताए।

उनले नगरप्रमुखमा विजयी भएको खण्डमा वीरगंजको कायापलट गर्ने बताए। आफूले जितेको अनुभूति अहिले घोषणा गरेर देखाउने प्रतिबद्धता जाहेर गरे। महानगर कस्तो हुन्छ भन्ने महानगरवासीलाई चित्रण गरेर देखाउने उनले दाबी गरे। अहिले चुनावी माहोल छ, जुन उम्मेदवारले जे भन्दा पनि हुन्छ तर यहाँको भौतिक पूर्वाधार निकै पछि परेकोले सोको पूर्ति गरिने बताए। उनले सबै मतदातालाई एकपटक छातीमा हात राखेर मतदान गर्न आग्रह गरेका छन्। यो अवसर पटक-पटक नआउने र यसका लागि पाँच वर्ष कुर्नुपर्ने हुनाले सही उम्मेदवारको चयन गर्न र त्यसमा अब्बल उम्मेदवारलाई मतदान गर्न सुझाएका छन्।

# प्रहरीद्वारा बालिकाको उद्धार

प्रस, पोखरिया, १६ वैशाख/

बोल्न नसक्ने दस वर्षीया ललिता बोल्न नसक्ने ती बालिकालाई भारतीय सीमा दसौतानजीकबाट



तस्वीरः प्रतीक

कुमारीलाई प्रहरीले उद्धार गरी परिवारको जिम्मा लगाएको छ। जगरनाथपुर गाउँपालिका-२ लक्ष्मीपुर निवासी प्रह्लादप्रसाद यादवकी दस वर्षीया छोरी ललिता बिहीवार दिउँसोदेखि हराएकी थिइन्। जानकीटोला प्रहरी चौकीले उद्धार गरेको थियो।

उनलाई उद्धार गरी इलाका प्रहरी कार्यालय, पोखरियामा पठाएको आज परिवारको जिम्मा लगाइएको प्रहरी निरीक्षक आयुषप्रसाद जोशीले बताए।






# जगरनाथपुरमा त्रिपक्षीय भिडन्त

नितेश कर्ण, वीरगंज, १६ वैशाख/

जगरनाथपुर गाउँपालिकाको अध्यक्ष पदको लागि नेकपा एमालेका सलीम मियाँ, नेपाली काङ्ग्रेसका श्रीकान्त यादव र लोसपाका आफताब मियाँ मन्सुरीबीच प्रतिस्पर्धा हुँदैछ।

सलीम जगरनाथपुर गापाका निवर्तमान अध्यक्ष जालीम मियाँका भाइ हुन् भने श्रीकान्त यादव र आफताब गत स्थानीय चुनावमा पराजित भएका थिए।

जगरनाथपुर गापामा अध्यक्ष पदका लागि १४ जनाले उम्मेदवारी दर्ता गराएका छन्।

अधिकांश उम्मेदवारले शिक्षा, स्वास्थ्य, सडक, नाला, स्वच्छ खानेपानी, विद्युत् आदि कुरामा जोड दिंदै उम्मेदवारी दिएका छन्।

यसैगरी, उपाध्यक्ष पदका लागि १० जनाले आफ्नो उम्मेदवारी दर्ता गराएका छन्।


## स्वदेशी उत्पादन, उद्योगी र व्यवसायलाई प्रवर्द्धन गरौं।

- स्वदेशी उत्पादनको प्रयोगमा जोड दिऔं,
- स्वदेशी उद्योग व्यवसायलाई प्रोत्साहन र प्रवर्द्धन गरौं,
- रोजगारीको सिर्जना हुनेखालका उद्योग, व्यवसाय खोलौं,
- युवा जनशक्तिलाई विदेशिनबाट रोकौं,
- विलासिताका वस्तुको प्रयोगमा कमी गरौं,
- फजुल खर्च नगरौं,
- देशको अर्थतन्त्रमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# खेलकूदको संसार

## पर्सा फूटबल सङ्घमा परियार र श्रेष्ठ चयन

प्रस, वीरगंज, १६ वैशाख/

पर्सा जिल्ला फूटबल सङ्घको शुक्रवार बसेको पदाधिकारीहरूको बैठकले महासचिवमा विनोद परियार र कोषाध्यक्षमा पङ्कज श्रेष्ठलाई चयन गरेको छ।



बैठकले मधेस प्रदेशको आगामी निर्वाचनको लागि फूटबल सङ्घका अध्यक्ष अनिलकुमार कलवार, सदस्य मानदेव हजरालाई केन्द्रीय निर्वाचनमा प्रतिनिधि चयन गरेको छ भने मधेस प्रदेशको निर्वाचनमा प्रथम उपाध्यक्ष दीपक साह कानू र सदस्य राजेश पटेललाई प्रतिनिधि चयन गरेको द्वितीय उपाध्यक्ष हेमन्त चौरसियाले बताए।

# मनोनयन फिर्ताका लागि दबाब नदिन आयोगको ध्यानाकर्षण

काठमाडौं, १६ वैशाख/रासस

निर्वाचन आयोगले स्थानीय तह सदस्य निर्वाचनमा उम्मेदवारी दर्ता गराएका उम्मेदवारलाई मनोनयन फिर्ताका लागि दबाब नदिन सबै पक्षको ध्यानाकर्षण गराएको छ। उम्मेदवारलाई मनोनयन फिर्ता गराउनका लागि डर, धाक, धम्की, धरपकड र प्रलोभन देखाएको भन्ने सूचना प्राप्त भएको जनाउँदै आयोगले यस्ता गतिविधि नगराउन सरोकारवालालाई आग्रह गरेको हो।

आयोगद्वारा जारी विज्ञप्तिमा भनिएको छ "यस्ता गतिविधिले कुनै पनि नेपाली नागरिकले राजनीतिमा भाग लिन, उम्मेदवारी दर्ता गर्न, निर्वाचित हुन र शासकीय प्रणालीमा संलग्न हुन पाउने नैसर्गिक संवैधानिक एवं कानूनी अधिकार कुण्ठित हुन जाने भएकाले निर्वाचनलाई प्रभाव पार्ने गतिविधि नगर्न/नगराउन सरोकारवाला सबैप्रति आग्रह गर्दछ।"

यही वैशाख ११ र १२ गते मनोनयन दर्ता गराएका उम्मेदवारले आज अपराह्न ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा पुगेर मनोयन फिर्ता लिनसक्ने आयोगले जनाएको छ। कुनै उम्मेदवारले आफ्नो उम्मेदवारी दर्ता गरी उम्मेदवारको नामावली प्रकाशित भएपछि आफूलाई उम्मेदवार फिर्ता लिन इच्छा भएमा लिखित सूचना दिएर मात्रै उम्मेदवारी फिर्ता हुनसक्ने आयोगले प्रष्ट पारेको छ।

दलका तर्फबाट मनोनयनपत्र दर्ता भएको उम्मेदवारको हकमा तोकिएको पदाधिकारीले नाम फिर्ता लिनेगरी लिखितरूपमा लेखी पठाएमा मात्रै उम्मेदवारको नाम फिर्ता हुने आयोगले जनाएको छ।




आयोगले सम्पूर्ण राजनीतिक दल, तिनका उम्मेदवारलाई संविधान र कानूनको पूर्णपरिपालना गर्न, गराउन र मनोनयन दर्ता गरिसकेका स्वतन्त्र उम्मेदवारलाई आफ्नो मनोनयन फिर्ता गर्ने वा नगर्ने भन्ने सम्बन्धमा निजको स्वविवेकीय अधिकारको सम्मान गर्न पनि आग्रह गरेको छ। राजनीतिक दल, उम्मेदवार वा दलको भ्रातृ सङ्गठनले कुनै उम्मेदवार वा निजको परिवारलाई कुनै तवरबाट डर, त्रास र धम्की दिनु निर्वाचनजन्य कसुर तथा आचारसंहिताविपरीत कार्य भएकाले यस्ता कार्य कुनै पनि हालतमा नदोहोऱ्याउन आयोगले स्मरण गराएको छ।

# सिम्रौनगढमा चारजना उम्मेदवारले नाम फिर्ता लिए

प्रस, सिम्रौनगढ, १६ वैशाख/

सिम्रौनगढ नगरपालिकाको निर्वाचन अधिकृत कार्यालय सिम्रौनगढमा शुक्रवार चारजनाले आफ्नो नाम फिर्ता लिएका छन्।

नाम फिर्ता लिनेहरूमा सिम्रौनगढ-१ स्वतन्त्र सदस्य उम्मेदवार वीरेन्द्र बैठा धोबी, सिम्रौनगढ-९ जसपा सदस्य उम्मेदवार हरिनाथ यादव, सिम्रौनगढ-१ जसपा वडाध्यक्ष उम्मेदवार सुमितकुमार जयसवाल, सिम्रौनगढ-९ जसपा वडाध्यक्ष उम्मेदवार ध्रुपलालप्रसाद यादव रहेका छन्।

# पर्सागढीमा चुनावी कार्यक्रम

बलिराम शुक्ला, बिरुवागुठी, १६ वैशाख/



तस्वीरः प्रतीक

पर्साको पर्सागढी नगरपालिकामा स्थानीय चुनाव नजीकिएसँगै चुनावी सरगर्मी बढेको छ।

वैशाख ३० गते हुने स्थानीय निर्वाचनको लागि वैशाख १२ गते उम्मेदवारी दर्ता गराएका विभिन्न राजनीति दलले चर्को गर्मीको प्रवाह नगरी अहिले वडादेखि नगरसम्म घरदैंलो तथा विभिन्न चुनावी प्रचार गरिरहेका छन्।

उम्मेदवारी दर्ता गराएका मुख्य दल नेकपा एमाले, नेपाली काङ्ग्रेस, नेकपा समाजवादी, जनता समाजवादी, नेकपा माओवादी, राप्रपा, जनमत पार्टी, लोसपालगायतका दलले उम्मेदवारी दर्तासँगै अहिले पर्सागढीका मतदाताहरूलाई आफ्नो पोल्टामा पार्न प्रमुख, उपप्रमुख तथा वडाध्यक्षका उम्मेदवारहरू घरदैंलो तथा शक्ति प्रदर्शनमा लागिपरेका छन्।

पर्सागढीमा एमालेबाट नगरप्रमुख पदमा उम्मेदवारी दिएका गोकर्ण पाठक, उपप्रमुख पदमा पूजा चौधरी, नेपाली काङ्ग्रेसबाट लोकनारायण यादव, उपप्रमुखमा अर्चना चौधरी, जनता समाजवादीबाट सुरज मानन्धर, उपप्रमुख पदमा रचनादेवी यादव, नेकपा समाजवादीबाट सत्यनारायण दास थारू, उपप्रमुखमा शारदा यादव, नेकपा माओवादीबाट डा चन्द्रभूषण यादव, उपप्रमुखमा शोभावतीदेवी माझी, राप्रपाबाट प्रमुखमा प्रवीणकुमार खत्री, उपप्रमुखमा विष्णुमाया बुढाथोकी, लोसपाबाट प्रमुखमा मैनुद्दीन मियाँ, उपप्रमुखमा सीमादेवी लोहार, जनमत पार्टीबाट प्रमुखमा सरोजकुमार साह, उपप्रमुखमा लीलावती देवीले उम्मेदवारी दर्ता गराएसँगै चुनावी सरगर्मी बढेको छ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारी आएन | | |